'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

80

वर्ष १०, अंक १ | बुद्ध सम्वत् २५६६ | ने.सं. ११४२ दिल्ला ४व | वि.सं. २०७९ असार २९ गुरु पुन्ही



# हार्दिक शुभकामना

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**बासु मा. वि.**
कालिघाट, ब्यासी, भक्तपुर
फोन नं. ६६२०३००

**बासु कलेज**
कालिघाट, ब्यासी, भक्तपुर
फोन नं. ६६१५२५७

*Shankat Nakarmi*
*Director*

# हार्दिक शुभकामना



नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**S.N. Engineering Works**

*libalii–2, Bhaktapur, Nepal, Ph. No. 6616167, 9841786811*

भट्टाको लागि चाहिने हरेक मेशिन तयार गर्नुको साथै फलामसम्बन्धी काम पनि गरिन्छ ।

# अर्हत

त्रैमासिक

वर्ष १८ | अङ्क १ | बुद्ध सम्वत २५६६ | नेसं ११४२ दिल्लाथ्व

वि.सं. २०७९ असार २९ गुरु पुन्ही

**सल्लाहकार**
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

**सम्पादक / प्रकाशक**
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

**बजार व्यवस्थापन तथा वितरण**
बालमुकुन्द बासुकला

**आवरण फोटो**
कृष्णनारायण बुमरु

**विज्ञापन सङ्कलक**
लक्ष्मीप्रसाद रंजित

**कम्प्युटर सेटिङ्ग**
राजन सिमाछ्वा

**मुद्रण**
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३

Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०/-




## यसभित्र


| | | |
|---|---|---|
| स्वास्थ्यलाभ र बुद्ध धर्म | भिक्षु अश्वघोष | ३ |
| बोधि प्राप्ति-१ | चित्तधर हृदय | ६ |
| Lumbini And Its Message to The Modern World | Ram Prasad Manandhar | ९ |
| २० औं शदीका प्रथम उत्तर-भारतीय भिक्षु महावीर महास्थविर | रत्नसुन्दर शाक्य | १२ |
| 'चार आर्य-सत्य' अध्ययन गर्दा | विष्णुगोपाल कुसी | १७ |
| लुम्बिनीसँग जोड्नैपर्ने सात बौद्ध गन्तव्य | नारी गौतम | २२ |
| मानव समाजको विकास | सं.चन्द्रबहादुर उलक | २७ |
| भ्मीम्ह गौतमबुद्ध (कविता) | चन्द्रबहादुर उलक | ३५ |
| बौद्ध कविता गोष्ठी (बूखँ) | | ३६ |
| 'भतिचाला ख:नि..........' (बाखं) | लक्ष्मीचन्द्र बज्राचार्य | ३६ |

# सम्पादकीय

आज असार पूर्णिमा हो । आजको दिनलाई बौद्ध जगतले सात संयोगले युक्त पवित्र दिन भनी मानेको छ । १)बोधिसत्वको गर्भ प्रवेश २) महाभिनिष्कुमण ३) वर्षावास ४) ऋद्धिप्रतिहार्य ५) अभिधर्म देशना ६) प्रथम संगायन ७) धर्मचक्र प्रवर्तन । यी सातवटा घटनाहरू आजकै दिनमा बुद्धको जीवनमा घटेका घटनाहरू हुन् । यसमध्ये धर्मचक्र प्रवर्तनलाई दिवसको रुपमा मानिआएको छ ।
सिद्धार्थ गौतमले बोधिज्ञान प्राप्त गरिसकेपछि सबभन्दा पहिला पञ्चभद्रीय भिक्षु(कोण्डण्य, वप्प, भद्दिय, महानाम र अस्सजित) हरूलाई सर्वप्रथम धर्मोपदेश दिनुभएको थियो । त्यसकारण, आजको दिन पवित्र छ । पवित्र मान्दै आएको छ ।

**पाठक महानुभावहरू !**

'अर्हत' त्रैमासिक कोरोनाको कारण केही महिना स्थगित भयो । यस अङ्कदेखि निरन्तर प्रकाशन गर्ने प्रयास गर्छौं । हाम्रो प्रयासलाई सफल पार्न सम्पूर्ण पाठक वर्ग तथा विज्ञापनदाताहरूको सहयोगको अपेक्षा राख्दछौं ।

हाम्रो 'अर्हत' स्थगित भएको अवधि भित्र देशमा शासकहरूबाट विभिन्न किसिमका जन विरोधी घटनाहरू घटाई सकेको अनुभव बौद्ध दर्शन अध्ययन समाजले गऱ्यो । एम.सी.सी. (मिलिनियम च्यालेन्ज कर्पोरेशन) जस्ता देशघाती सम्झौता जनताको विरोधलाई अपहेलना गर्दै संसदबाट अनुमोदन गऱ्यो । शान्ति प्रेमी जनता माथि लात माऱ्यो । देशलाई घात गऱ्यो ।

विश्वमा अशान्ति मचाई राख्ने अमेरिकी साम्राज्यवादको पक्षमा वकालट गर्ने हाम्रा बुद्धिजीवीहरू तथा पार्टी र नेताहरूले एम.सी.सीको समर्थन गर्नु आश्चर्य मान्नु पर्दैन । तर आफूलाई साम्राज्यवाद विरोधी र समाजवादको हिमायती सम्झने ठूला पार्टीका शासकहरूले सडकमा आफ्ना कार्यकर्ताहरूलाई एम.सी.सी को विरोधमा आवाज उठाउन लगाई आफ्नो निहीत स्वार्थको लागि कार्यकर्ताहरूको टाउको फुटाल्यो संसदवाट एम.सी.सी पास गर्न हस्ताक्षर गऱ्यो । आफ्नै कार्यकर्ताहरूमाथि विश्वासघात गऱ्यो । साथै आफूलाई वामपन्थि शक्ति मानिने शासक पार्टीले आफ्ना सांसदहरूलाई संसदमा अनुपस्थित गराई संसदबाट एम.सी.सी अनुमोदन गराउन ठूलो सहयोग पुऱ्यायो । यी शक्तिहरू सबै ठूला पार्टीहरू देश र जनता विरोधी शक्तिहरू हुन् ।

त्यस्तै लोकतान्त्रिक गणतन्त्रका प्रधानमन्त्री शेरबहादुर देउवाले लुम्बिनीमा भारतीय प्रधानमन्त्री मोडीको अगाडि देखाएको चर्तिकलाबाट नेपाली जनताले टाउको लुकाउने ठाउँ खोज्नुपर्ने अवस्था सिर्जन गराइयो ।नेपालको शासकहरूबाट नेपालका विभुति विश्वशान्तिका अग्रदूत गौतम बुद्धमाथि गरेको अपमान नेपालीका लागि लज्जास्पद घटना होइन र ? अस्तु

*भवतु सत्व मङ्गलं*

# स्वास्थ्यलाभ र बुद्ध धर्म



✍ भिक्षु अश्वघोष

बुद्ध धर्मअनुसार रोगीको सेवा भनूं अथवा स्वास्थ्य सेवा भनू यो एउटा ठूलो पुण्य कर्म मान्नु पर्छ । हामी कहाँ केही बौद्धहरूले महापरित्राण जस्तो पुण्य कार्यमा बीशौं हजार रूपियाँ खर्च गरेको देख्न पाइन्छ, तर स्वास्थ्य सेवा जसको बारे तथागत सम्यक सम्बुद्धले भन्नु भएको थियो जसले रोगीको सेवा गर्छ उसले बुद्धको सेवा गरेको हुन्छ । भनाइको मतलब यो होइन कि आफ्नो काज छोडी रोगीको सेवा मात्र गर्नुपर्छ । अस्पतालमा र आफ्नो छिमेकी घरहरूमा औषधीलाई र वैद्यलाई पैसा तिर्न नसकी त्यसै चिन्ताग्रस्त छन्, त्यसै अकालमा प्राण त्यागेर जान्छन् । समय समयमा यथा शक्ति १०-२०/- रूपियाँ बिरामीहरूलाई उपचारार्थ दान दिन सकेमा साँच्चैको बौद्ध उपासक बन्ने छन् ।

हामी कहाँ जनताहरूबाट चन्दा मागेर क्षय रोग (टी.बी.) निवारण संस्था बनाएर राक्षसी रोगहरूलाई उपचारार्थ अस्पताल बनाइसकेको छ र क्यान्सर रोग निवारणार्थ अस्पताल बनाउने कुरा चलिरहेको छ । रोगीहरूको उपचार्थ प्रत्येक वर्ष चन्दा सङ्कलन गर्दै आएको छ । त्यस अवसरमा ५-१०।- अथवा ५०।- रूपैयाँ चन्दा दिएमा त्यो पनि स्वास्थ्य सेवा हो । यो ठूलो धर्म हो ।

संसारमा जन्मेका मानव जातिलाई अनेक प्रकारको लाभ हुन्छ । सुन, चाँदी, हीरा, मोती र घर, जग्गा आदि प्राप्त हुनु तथा शिल्प शास्त्रमा पारंगत हुनु सबै लाभ हुन् । यी सबै लाभ जीवन-रोगबाट मुक्त स्वास्थ्य भए मात्र हुन्छ । अन्यथा जत्ति भौतिक सम्पत्तिले समृद्ध भए पनि सुखमय जीवन बिताउन सक्तैन । बिरामी व्यक्ति सधैं दु:खी र पीडित हुन्छ, शोकबाट मुक्त हुँदैन । अन्धालाई आलोक र प्रकाशले केही काम नलागे झैं रोगीको लागि सम्पत्ति काम नलाग्ने कुरा स्पष्ट छ । कसैले सोच्न सक्छ पैसा भए औषधीपचार गरेर स्वास्थ्यलाभ गर्न सकिन्छ र जीवन सुखमय पार्न सकिन्छ । तर यहाँ मुख्य कुरा के भने रोगै नलाग्नु उत्तम सुखमय जीवन हो । रोगै नहुनु ठूलो लाभ हो । तर मानिसहरूको लापरवाहीले गर्दा धेरैजसो रोगको शिकार बन्छन् । अत: स्वास्थ्य सेवालाई भगवान् बुद्धले धेरै महत्त्व दिनु भएको छ । उहाँले स्वयं आफैले रोगीको सेवा गर्नुभई भन्नुभयो- जसले रोगीको सेवा गर्छ उसले मेरो

(बुद्धको) सेवा गरेको हुन्छ । यसको मतलब बिरामीहरू सबै बुद्ध नै हुन् भन्ने कुरो होइन । यहाँ बुझ्नु पर्ने कुरा बिरामीहरू प्रति भगवान् बुद्धको हृदयमा रहेको करूणा र दया भाव हो । बिरामीले भोगिरहेको दु:ख कष्ट भगवान् बुद्धले आफूले नै भोगे झै सम्झनु भएको हो ।

भगवान् बुद्धको चरित्रमा स्पष्टरूपमा देखिने दुई गुणहरू छन्, ती हुन् - करूणा र प्रज्ञा । मतलब हृदय र मस्तिष्कको रचनात्मक एकताको गुण । भगवान् बुद्धमा उच्चकोटिको विवेक बुद्धिको साथै हृदयमा शुद्ध करूणा विद्यमान थियो । बुद्ध धर्मअनुसार स्वास्थ्य सेवाको लागि बुद्धि मात्र भएर पुग्दैन करूणा पनि हुनुपर्छ । विशेषत: आफ्नो अनुयायीहरूलाई उपदेश दिँदाखेरि बिरामीहरू प्रति करूणा दृष्टि राख्न बिर्सनु हुन्न । त्यसैले स्वास्थ्य सेवालाई बौद्ध संस्कृतिमा उच्चस्थान दिइएको हो । करूणा र मैत्रीको कारणले नै आजसम्म भिक्षुहरूको परित्राण सूत्र पाठद्वारा बिरामीहरूको रोग निको भैरहेको देखिन्छ । यो मन्त्रको चमत्कार होइन । भगवान् बुद्धको मैत्री र करूणा तथा सत्यताको चमत्कार हो ।

भगवान् बुद्धको उपदेश अनुसार स्वास्थ्य सेवा मात्र ठूलो कुरो होइन, औषधोपचार र औषधी उत्पादन तथा अस्पताल निर्माण पनि ठूलो पुण्य (धर्म) हो । त्यसैले बौद्धहरू वैद्य शास्त्रको विकास र संरक्षण गर्नेतिर औषधोपचार गर्नमा अति उत्सुक छन् । तक्षशिला (हाल पाकिस्तान) बौद्ध विश्व विद्यालयमा वैद्य शास्त्र अध्ययनार्थ अरबी आदि नाना देशहरूबाट विद्यार्थीहरूले अध्ययन गरेर त्यहाँबाट युरोपमा गई वैद्य शास्त्र तथा औषधोपचार पठाएको कुरा पाश्चात्य विद्वानहरूले भनेका छन् । जम्बुद्वीपको अति पुरानो वैद्यग्रन्थ "बबर हस्त लेखन" बौद्धहरूको कृत्य भएको विद्वानहरूले मानेका छन् । भगवान् बुद्धले पनि विनय पिटकमा भेसज्जक्खन्ध परिच्छेदमा अति उपयोगी अमूल्य औषधी प्रति प्रकाश पार्नु भएको छ । वैद्य परम्परामा दुबैको मूल लेखकहरू बाग् भट र चरक दुबै योगय बौद्धहरू थिए । (आरोग्य सेवा पत्रिका अङ्क ३३४)

**काँचो मासु र रगतको औषधी** -

अब यहाँ भगवान् बुद्धद्वारा प्रकाश पार्नु भएको औषधी बनाउने विधि विधान र साधन सम्बन्धी केही चर्चा गरौं ।

बुद्धको पालामा एक भिक्षुलाई अमनुष्य (भूत-प्रेत) को रोग लागेको थियो उसको आचार्य गुरूहरूले औषधोपचार गरेता पनि उसको रोग निको पार्न सकेनन् । यो कुरा भगवान् बुद्धले थाहा पाउनुभयो र उहाँले आज्ञा दिनुभयो कि अमनुष्य रोगलाई काँचो मासु र रगतको सेवन गर्नुपर्छ । (विनय पिटक भेसज्जक्खन्ध) अनि त्यो बिरामी भिक्षु सुंगुर मार्ने ठाउँमा गएर काँचो मासु खायो र रगत पनि पियो । त्यसपछि उसको रोग निको भयो ।

**अंजन र अंजनदानी** -

बुद्धको समयमा एकजना भिक्षुलाई आँखाको रोग लाग्यो । उसलाई भिक्षुहरूले हात समातेर पाइखानामा जानलाई सहयोग दिइरहन्थे । विहारमा डुल्न जाँदा भगवान् बुद्धले त्यस भिक्षुलाई समातेर हिंडाएर लगिरहेको देख्नुभयो र कारण बुझ्नुभयो । अनि उहाँले आज्ञा गर्नुभयो- कालो अंजन रस (झोल) अंजन (गाजल) आँखामा लगाइदिने । अंजन

राख्न र बत्ता पनि राख्न अनुमति दिनुभयो ।

**बात रोगको तेल**

त्यसबखत भिक्षु पिलिन्दलाई बात रोग लागेको थियो । वैद्यले तेल तताउनलाई भने । यो कुरा थाहापाई भगवान् बुद्धले तेल तताउन अनुमति दिनुभयो । तेलमा रक्सी मिसाएर पकाउनु पर्ने थियो । अनि गौतम बुद्धले तेलमा रक्सी हाली तताउन पनि अनुमति दिनुभयो ।

**सर्प चिकित्सा**

त्यसबखत एकजना भिक्षुलाई सर्पले टोकेको थियो । अनि भगवान् बुद्धले भन्नुभयो- चार महा विकट (गुहु, पिसाब, खरानी र माटो) मिलाएर पिलाउनु ।

**विष चिकित्सा**

त्यस समय एकजना भिक्षुले विष खाएको थियो । भगवान् बुद्धले उसलाई गुहु ख्वाउनु आज्ञा गर्नुभयो ।

**पांडु रोग (कमपित्त) चिकित्सा**

बुद्धको पालोमा एकजना भिक्षुलाई पांडुरोग भएको थियो । भगवान् बुद्धले गोमूत्रमा हर्रे मिसाएर पिलाउनु भनी आज्ञा गर्नुभयो ।

भगवान बुद्धले भन्नु भएको औषधीहरूमध्ये केही अंश यहाँ दिइएको हो ।

**विश्वमा सर्वप्रथम बौद्ध अस्पताल**

हाल एक वैद्यले अर्को वैद्यलाई दोष नदिनु, आलोचना नगर्नु, पाश्चात्य वैद्यहरूको राम्रो चलन हुन आइरहेको छ । यस्तो चलन पूर्वीय वैद्यहरूमा पनि नभएको होइन । धेरै गुण सम्पन्न बुद्धकालीन बौद्ध वैद्य जीवक पनि अरू कुनै वैद्यको निन्दा तथा दोष प्रकट नगरेको बौद्ध साहित्यमा उल्लेख छ । महा वैद्याचार्य चरकले लाभको आशा नगरी पुण्यकर्म सम्झी स्वास्थ्य सेवा गर्नुपर्ने कुरा वैद्यहरूलाई निर्देशन दिनु भएको हुँदा यी स्पष्ट हुन आउँछ कि बुद्ध धर्मले गर्दा वैद्यहरूको अवस्था र दर्जा कत्तिसम्म माथि पुगेको थियो ।

विश्वमा सर्वप्रथम अस्पताल तथा चिकित्सालय स्थापना भएको श्रेय बौद्धहरूलाई छ भनी **कोपल्स्टन विशोपले** १९२८ ईस्वीमा लण्डनको "डाक्टर" नामक पत्रिकामा लेख्नु भएको थियो । भगवान् बुद्ध परिनिर्वाण भएर २१८ वर्षमा सम्राट अशोक राजसिंहासनमा बसे । उनी सच्चा क्रियावादी बौद्ध थिए । उनले विश्वमा सर्वप्रथम स्वास्थ्यलाभार्थ **आरोग्यशाला** (अस्पताल) बनाएको थियो ।

धर्माशोक प्रियदर्शी (अशोक) राजाको विजित सबै स्थानमा, त्यस्तै अधिराज्यको बाहिर चोल (सोली) पाण्डव (पण्डु) सतिपुत्र लंका **(ताम्रपर्णि) आनटियोकुस्** नामक ग्रीक राजाको अधीन सीरिया आदि देशहरूमा, त्यो आन्टियो कुस् राजाको छिमेकी तोल्सि ओगम आन्टिगोनस् र गोनेदस् अलिकसुन्दर भन्ने ग्रीक राजाका राज्यहरूमा ठाउँ ठाउँमा जनमुखी प्रियदर्शी अशोक राजाबाट दुई किसिमको चिकित्सालय बनाउनु भयो । मतलब "मनुष्य र पशु चिकित्सालय" भन्ने द्वितीय गिरी नगर लिपिमा लिखित आंशिक सिंहली भाषा अनुदितबाट यहाँ नेपालीमा रूपान्तर गरिएको हो । यसप्रकार देश देशान्तरमा चिकित्सालय बनाई मानव स्वास्थ्य सेवालाई ठूलो मद्दत पुऱ्याएको छ ।

◆

# बोधि प्राप्ति-१



✍ चित्तधर हृदय

भव्य भवने नित्य स्वस्तिकपिनिगु मङ्गल सः न्यन्य
दनिम्ह गौतम दन विहंगमतय् सलं तृण-आसन ।
मागधपिसं थःगु कुलया याःगु सुन्दर वर्णन,
सूततय्सं कंगु बाखं न्यनिम्ह रविकुल नंदन-
यात ययिपुक गीत न्यंकल स्वच्छ सरितां कलकलं
प्रकृतिया बाखंत कंवल ब्वाँ वया: मलयानिलं ।
वस्त्र ब्वेका: वैत स्वागत यायि थें रमणीदलं
मृदुल मर्मर शब्द वय्का: यात ससुमन तरु-हलं ।
राग रञ्जित सुन्दरीपिं स्वेगु पल्यसा दिन दिन
राग पूर्ण कुसुम खना: अन वैगु मन खुलु खुलु मिन ।
थःम्ह जीवन-संगिनी सम यायत दृढ आलिङ्गन
अन दु पृथिवी, मेगु हानं च्वन्यत सितुया आसन ।
म्हीग तक जीस्वां क्वखाया: स्वर्णया पर्यङ्कस
द्योंम्ह गोपानाथया म्हे तल तिया: गैरिक वसः ।
त्वीक चंपास्वां छुना: हृयाउँक सते सचिका तया:
वैगु सेवाय् नित्य तत्परपि मिसातय् ख्वा: स्वया:

वःम्हस्यां म्वाहालिस्वां लिस्य हवःगु सचिकास्वां खना:
वैत हानं दुःख ब्यू वल वंगु दिनया स्मृति दना: ।
थःत थमनं बोध याना: धाल वं भसुका: तया:
"त्याग त्याग धका वया: छं गय् लुमंका आः प्रिया ?"
न्हयन्हु तक व अनूपियाया आम्र उद्याने च्वन,
ब्राम्हणी शाक्या व पद्मा निम्हसिनं बिल भोजन
न्हयन्हु दय्का: अमित तोता: उगु मनोरम काननं
सच्छिनीक्वे पाःगु रमणिक राजगृह थ्यंक: वन ।
नयत भिक्षां वःगु अन्न मवं खना: क्वाहाँ कथुं
भिंगु अन्न नस्वाःगु भोजन साक्क याना: च्वंम्हस्यं
थःत थमनं धाल वं धुलि "आः तक छ साःम्हुतु तिनि
वगुला सुख सी धका छं ? दुःखया ध्व सम्हय् तिनि ।"
मगधया उगु राजधानी चाःहिला: भिक्षा फ्वँ फ्वं
खन जवाःलं ख्यात्तु ख्याना: दुगु बथां है च्वंगु वं ।
छम्ह उकी तुतिस्याःम्ह दुगुचा न्यासि वन्यहे मफुगुलि
गःपते खिपतं चिना: नं सात्तु साला: च्वंगुलि
बोधिसत्वं नम्रभावं वैगु न्हयोन्य वना: न्यन-
"दाजु ! थुलिमछि दुगुत मुंका: यन्य त्यना छं छाय् गन ?"
उगु अलौकिक वैगु रूप खना: प्रभावित मन जुया:
दुगुजवालं थुलि निवेदन यात वैत पुलिं चुया:-

"विबसार नृपालया मखयागु निंतिं दुगु फुक
यन्य त्यना, छाय् ? भागियाय् बरु भिक्षुवर छःपिं सुखः ?"
यज्ञ निंतिं दुगुत उलिमछिस्यागु हिंसा ज्वी त्यना:
स्निग्ध कोमल श्रमण गौतमया मने करुणा दना:
खूम्ह दुगुचायात पित्तु पिया: ल्हवना: ब्वहले तया:
दुगु जवाःया ख्वा: स्वया: वं धाल कुलया नां कया:-

"शाक्यकुलया खः कुमार जि ज्ञान हेतु हिलाः जुया यंकि छुं यज्ञे जितः याकन व मगधाधीशया।" थुलि धयाः गौतम व दुगु क्वबुयाः जवाः ल्यूल्यू वन, न्यंक छाय्पाः तःगु सुन्दर यज्ञशाला वं खन। अन बनाः वं यज्ञया आचार्यया सम्मुख दनाः धल "थुलि मछि पशुत स्यानाः पाप छिं छाय् यायत्यना मेगु दर्शनया सिबे पूर्वगु मिमांसा जक ज्वनाः कर्मकाण्डे हे दुनाः भी ज्ञान काण्ड छु याय् त्यना ?" शाक्यभूषणया थ्व खं आचार्य अति तंम्वेकल, वा न्हययाः नय् थें स्वयाः वं थःगु ल्हाः च्वे ब्वेकल- "छुस्यू थ्व यज्ञया ज्या छं या फ्वनाः नय्गु ग्रामस जिमि नाप छुखें हे नं याय्मलो छं लिसः न्हयसः। पशुत यज्ञया निंतिं सृष्टि याःगु मनुं स्वयं यज्ञंज्वी लोकया वृद्धि स्याःसां हिंसा मजू उकीं (अनुष्टुप)

धर्मया नामे निरीह पशुत हयाः अमि जीवन पवीगुसां यज्ञार्थ हिंसाया समर्थक ब्राम्हण- यागु थुगु उत्तर न्यनाः उम्ह बोधिसत्वं याकन थःगु ब्वहले च्वंम्ह दुगुचा बें दिकाः बिल भाषण "स्यानाः पशु सिमा पालाः यानाः कर्दम रक्तया यदि वंसा थुकीं स्वर्गे छुकीं ज्वी बाय् अबीचिया ? पाण्डित्य - अभिमानं व गर्वे थ्व खें मयूपिसं याइ न्हां पशुतय् द्रोह वैत नै पशु ह्रीपिसं" (अनुष्टुप)

थःगु तर्कत बोधिसत्वं थुगुकथं त्वाल्हाःगुलिं छुं लिसः नं बीगु मखना; वैत भ्रं तमोगुलि मगधनृपया ख्वाः स्वयाः वं धाल "राजन गुलिजक याःगु सो अपमान थ्वं जिगु दण्ड मबियाः आःतक। थ्वैत कक्कु तियाः छ्व पितिनाः यज्ञशालां पिन्य तक माःगु ज्या यानाः बिज्याहुँ नि मन तयाः याकन फुक" थुलि धयाः वं गर्व पूर्वक तूंक गौतम च्वन स्वयाः। दिव्य रूप खनाः नृपति नं मूर्ति थें निश्चल जुयाः वैत छुं धाय् मफु पलखला चाःगुलिं विस्मय अति भति लिपा तिनि न्हयचिल उचित खँ ल्हाय्त मगधमहीपति "हे महाबाहो ! थ्व सुन्दर रूप स्वीकाः चीवरे वांछुवयाः गुगु उच्चकुल गुम्हस्यात ख्वेका छिं हरे।"

भूपया थुगु स्नेह पूर्ण वचन न्यनाः सिद्धार्थया थःगु कुलया पूर्वपरिचय बीगु आकांक्षा जुयाः धाल "राजन् ! खःजि शाक्यकुमार, गौतम नां जिगु सत्य माल्यत राज्य तोताः चाःहुहुं रमणीयगु छः पिनिगु थ्व समृद्धिशाली राजगृह नगरे थ्यन यक्व पशुबध ज्वीगु सीकाः स्वःवया यज्ञे थन" शाक्यकुलया नाम कायवं लुमन शुद्धोदन सखा, मित्रताया स्नेह-सूत्रं च्यूगुलिं त्वायकाय् मखाः धैगु भावं बिंबसारं "तात ! तात !" धका धयाः वैत स्वागत याःगुलिं अत्यन्त हे लज्जा जुयाः वैगु ख्वाः हे स्वे मछालाः बें स्वयाः च्वन ब्राम्हणं। योग्य आसन दान यानाः धाल नृपतिं हाकनं -

"तात ! फ्वना नय् माःगु छु खें छं ?<br>
दान सदां बी लोगु थ्व ल्हातं [illegible]<br>
ल्याय्म्हबले यानाः सुख भोग [illegible]<br>
याय् बरु लो ज्याथे तिनि योग।<br>
धाल न बा छुं छन्त चमाजुं<br>
बो बिल ला बा पूज्य पिताजुं<br>
बी जिगु या छं राज्य समस्त<br>
शीघ्र नु प्रासाहे प्रिय तात !" (चंपक माला)

मगधनृपया स्नेह मय निस्वार्थ व्यवहारं मन द्रवित ज्वीकाः बोधिसत्वं धाल सादर कारण - "मखु जि पितिनाः हःगु बौनं, छुं चमाजुं धाःगु नं.

मृत्यु व्याधिजरा खना: ग्याना: वया जि निकेतनं"
बिंवसारं वैत हानं "प्रियकुमार ! जिथाय् च्वनां
छंगु छुं उपहास ज्वीं मखु, गृह थ्वनं ख: छंगु न्हां,
राज्य सुखया भोग याय् जक लोगु कान्त कलेवर
क्षीण याय् मत्य" धाय्व वं थुलि धाल संका: चीबर-
"छुयाय् धात्थें आ:राज्य व धन महाराज ! थ्व जित:
वया पत्नी वाना: प्रिय तनय ऐश्वर्य सहित,
महत्वाकांक्षा केवल दनि छगू आ: थन जिगु ।
त्वना: बोधिज्ञानामृत परम निर्वाण जुयगु ।
जिके द:सा छुं छ:पिनि मनस माया व ममता
बिज्या:सा ज्यू धात्थें फुक पशुत तोता: बरु पिता"
"पुता ! छं धा:थें तोत्यगु जुल थ्व जिं व्याक्कदुगुत
वया: त्वंक: वेसा विमल उपदेशामृत जित:"
(शिखरिणी)

मगध अधिपतिया थ्व खँ न्यना:"वे" धक वाचा बिया:
अभय बीका: तोतका: फुक दुगु अनं प्याहाँ वया:
मगधया विख्यात तत्कालीन विद्वानया छगू
आश्रमे वन शास्त्र व्वनिपिं स्वसल विद्यार्थी दुगु ।

वैत स्वागत यात गुरु आलारकालामं अन,
किन्तु वं गुगु थ:त स्यंगु समाधितत्वं थ: मन
लोगु अभिसंबोधि मलुया: वैत तोता: याकन
दार्शनिक आचार्य रुद्रक रामपुत्र दुथाय् वन ।
वैगु न्हय्स: शिष्यपि दुगु आश्रमें च्वँधका अति
प्रेम पूर्वक या:गुलिं अनुरोध गोपाया पति
अन च्वना: गुरुजुं निरूपण या:गु नाना दर्शनं
प्राप्त ज्वी बुद्धत्व मखना: वल अनं नं हाकनं ।
प्रखर प्रतिभा वैगु उगु गंभीर जिज्ञासा खना:
वैगु लिस्य वल न्याम्ह कौंडिन्यादि ब्राम्हणपिं मुना:।
चा: हुहुं गयशीर्ष पर्वतया निकट थ्यंक: वना:
अन च्वच्वं प्रज्ञा लुइगु सन्मार्ग तप हे थें खना:

लोगु उरुबेला खना: नैरञ्जना-तीरे वना:
यात तप सर्वार्थसिद्धं अन छगू पाक्वे च्वना: ।
भद्रवर्गीयं वया अन वैत सेवा या:वल,
यात आख्ये जक नया: छुं काल वं तप दुष्कर ।
शुद्ध हामो नं नया: वं सहलपा: च्वन यातना,
हाकनं छुं मनस्य हे नं च्वन खुला ल: जक त्वना: ।
थुगु प्रकारं खुदँ तपस्या या: गुलि कृशतन जुया:
स्यू व क्वें जक ल्यंदनिगुलि च्वन च्वलेंया ख्वा: लुया: ।

वैगु सुन्दर दिव्य लक्षण युक्त काञ्चन वर्ण नं
फूक तना: वन गा: म्हुया: द्वाहाँ वनां च्वन नेत्र नं ।
बैगु छपु छपु बपित नी जिल वन हिनू नं फुक गना,
प्यप्पुना: जैं प्वा: लुया: च्वन वैगु प्वा: द्वाहाँ बना: ।
च्वं गुलिं व मसंस्य ध्याने खगत म्हे म्हे जूवल,
सिंह लिस्य किसि व्याघ्र लिस्य मृग नाप नाप म्हित: जुल ।
धन्य वंगु व शान्त मूर्ति खना: अमित स्नेहं थिल,
जन्मसिद्ध व अमिगु हिंसा, द्वेष सकतां तोफिल ।
प्रथम प्राणायाम यायां प्राण हीन समाधि नं
या:गुलिं मूर्छा जुया: नं बैं व भोसुत हाकनं !
वल मचा छम्ह म्हितु म्हितुं अन दुगु च्वले उख्य थुख्य जजँ
उम्ह अचेतन श्रमण गौतमयात वं खन न्हयोन्यसं ।
वैगु कोमल बाल-हृदये दुन्य दया उद्गम जुल,
अल्य च्वलेया दुरुप्वलं वं दुरु म्हुत्वी न्हयाना: बिल ।
स्वप्न खन वं "थ:म्ह माता स्वर्गतं क्वाहाँ वया:
थ:त पित्तु पिया: 'पुता छं जू म्हिता छाय् प्राणया ?
काल पापीं छन्त त्याका: छगु जीवन यंकल
आ: छुयाय् जिं हाय !' धाधां थ:गु दुरुधा:हाय्कल"
क्वा:गु उगु दुरुया रसं छुं विगत चेतनता वया:
स्व:बले वं न्हयोन्यसं खन सरल प्रकृति च्वले जवा: ।

***साभार-सुगत-सौरभ***

◆

# Lumbini And Its Message to The Modern World



✍ Ram Prasad Manandhar

General Sir Ian Hamilton presented an Image of Buddha to Winston Churchill And said, "If ever your mind gets perturbed and perplexed, I want you to see this image and be comforted." Anatole France writes in his auto biography, "On the first of may, 1890, chance led me to visit the Musee Guimet in Paris. While Standing in the silence and simplicity of the gods of Asia, my eyes fell on the statue of the Buddha who beckoned to suffering humanity to develop understanding and compassion . If ever a God walked on this earth, I felt here was he . I felt like kneeling down to him and praying to him as a God . Anatole France was widely known as a sceptic and even an atheist . Bertrand Russell, also a great sceptic , has remarked,

"Of all the religions which prevail in the world , I am attracted to early Buddhism ."

What is it that makes Buddha's message appeal to the most intellectual and sophisticated persons in the modern World ? The answer is simple. His message is deeply rational and scientifically logical . He takes us right into the root of the problems of life and helps us find out the solution for ourselves . It is rational because he looks into the world and sees what the problems of the world are and pursues a quest and arrives at the complete fulfillment of that quest . When he gets out of his house and sees a sick man and a dead man, he asks, Is this World full of sickness, disease and death ? Is time the final destroyer of all things or is there a

way out ? Buddha's message is lucid pointer to this way out - the way to conquer the tyranny which time exerts over us,the tyranny by which the greatest civilizations, the greatest works of art, the greatest empires-all these things are brought to ruin .

The appeal of Buddha's message is not only to those who have been brought up according to his tradition but to all thinking people of compassionate mind wherever they are found . This is because Buddha has answered in his preachings the problems of our age .

Throught out this week, celebrations have been held over rhe world, in different countries to commemorate the Birth Anniversary of Gautama Buddha who was born 2517 years ago in Lumbini in the lovely, wooded basin of the beautiful Gandaki River of Nepal within sight of the wonderful Dhaulagiri and Annapurna ranges of the snowy Himalayas .

Much as the world needed Buddha's philosophy when he was living, it is all the more needed today when the so-called civilization of mankaind is floundering in many distractions; and the happiness of men attainable after all round bodily, mental,and spiritual perfections seems even further away than when Buddha taught these disciplines to his followers.

This explains why the teachings of Buddha are today spreading on the most alien soil throughout the world . Buddha proclaimed his message not as a religion but as a philosophy, not even so much of philosophy, but as a way of life. Whatever philosophy there is in Buddhism is a scientific body of thought analysed to satisfy the most dissident sceptic: its objectivity of approach to the higher problems of the civilized man is what can fillup the psychophysical needs of the modern man in his most dis-satisfied moments . If the religiosity of India bound by its priestcraft discarded the scientific rationalism of Buddha some years aftr his death, the civilized humanity today reaccepts him because of this very reason . Today, in the most sophisticated centres of material civilization in Europe and in America, not to mentiom the more conventional Buddhist of Asia, Buddhist societies, institutions and study forums have been springing up like mushrooms to supply the much-needed function to removing the discontents which have filled the minds and hearts of men despite the

greatest affluence known to history which they have enjoying as a result of technical developments coupled with organisational efficiency .

The greatest forum ,of course, should be, and, we hope, will be, in the near future, Lumbini Park itself when it has been properly reconstituted and reconstructed . The environment of the area are some of the best in the world-the central Himalayan massif in the background gently sloping down to the green hills in the immediate vicinity which in turn imperceptibly mingle with the flat plains where Lumbini is actually located. Centuries of neglect have, however, to be corrected. Right now there is nothing to strike the eye except Ashoka's pillar and few modest pagoda structures and habitations for pilgrims. Otherwise it is all a monotonous landscape of hot paddy fields.

To build up a park which will fulfill the world dimensions of mankinds cultural aspirations will take some time. Generous contributions are needed for this gigantic task, and it is gratifying to see funds coming in from different countries, Buddhist as well as Non-Buddhist, directly as well as through the United Nations . A body of dedicated persons in Nepal and elsewhere are working together sincerely and earnestly to bring to early maturity this great endeavour of creating for the spirit-hungry people of the world a park of peace with contingent gardens, temple, monasteries, hostels and numerous other necessary amenities.

(*This article was reproduced from Lumbini,a periodical published in May 1973 by the Lumbini Development Cooperation Commitee Kathmandu. Late Prof.Manandhar was a distinguished scholar and academician who had also held important administrative and diplomatic posts in Nepal.*)

**-CHIEF EDITOR**

◆


# हार्दिक मङ्गलमय शुभकामना

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**लक्ष्मीप्रसाद प्रजापति**
मो नं. ९८५१०५१२८४

राम्रो र गुणस्तरीय ईँटा चाहिएमा सम्पर्क गर्नुहोला ।

# २० औं शदीका प्रथम उत्तर-भारतीय भिक्षु महावीर महास्थविर



✍ रत्नसुन्दर शाक्य

नेपालमा प्राय : गरी राणाकालमा जो श्रद्धालु बौद्ध उपासकोपासिका प्रवजित हुने चाहाना गर्छन्, उहाहँरू धेरै जसो स्वयम् वा प्रेरकद्वारा बुद्धको परिनिर्वाण स्थल कुशीनगरमा गई पूज्य चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को हातबाट प्रव्रज्या लाभ गर्नुभएकाहरू प्रशस्त छन्, जसमा प्रमुखत: वर्तमान संघ नायक प्रज्ञानन्द महास्थविर, भिक्षु धर्मालोक (सन् १८९०-१९६७) भिक्षु शाक्यानन्द, भिक्षु अमृतानन्द (१९७५-२०४७), सुबोधानन्द, विवेकानन्द (वि.सं. १९७३-१९४२), बुद्धघोष, अश्वघोष, कुमार काश्यप चन्द, सुदर्शन आदि हुन। अत: नेपालमा स्थविरवाद बुद्धधर्म प्रचार प्रसार वा पुनरुद्धार गर्नमा जुन देश कुशीनगर र ऊ चन्द्रमणि महास्थविरको रहेको छ, त्यो अग्रगण्यको रुपमा रहेको कुरा सबैलाई अवगतै भएको हो।

तर शायद, हामी मध्ये कतिपयले कुशीनगरको यात्रा अल्याख गरे होलान्, तैपनि गत: शताब्दीका त्यस प्रथम उत्तर भारतीय बौद्ध भिक्षुको बारेमा केही पनि परिचय प्राप्त गरेको छैन होला जो कुशीनगर जस्तो उजाउ एवं जन शून्य खण्डहरू (भग्नावशेष) मा सन् १८९० देखि (पहिलो पटक) एउटा झोपडी बनाई बसोबास शुरू गरी कुशीनगरको सुरक्षा गर्दै आए, जसले सन् १८९५ मा, ऊ. चन्द्रमणि महास्थविरलाई सम्पर्क भए देखि हरतरहले शिक्षा दीक्षा दिई एक प्रखर धर्म प्रचारक बन्न मदत दिए। ऊ चन्द्रमणिलाई संस्कृत, पालि, बंगला र हिन्दी आदि भाषाको ज्ञान राम्ररी दिलाउन त्यस भारतीय भिक्षुले कलकताको कलेज स्क्वायरमा जीवानन्द विद्यासागर र संस्कृत कालेजका प्रमुख श्री गोविन्द शास्त्री कहाँ पनि पढाईको प्रवन्ध गरिदिनु भएको थियो। त्यहाँ पछि गाजीपुरमा पं. जानकीराम कहाँ पनि पढाउन ल्याउनुभएको थियो। यसरी ऊ चन्द्रमणिलाई शुरूको भारत प्रवासकालमा त्यस भारतीय भिक्षुले हरतरहले मदत गर्नुभएको थियो, उहाँ हुनुहुन्छ भिक्षु महावीर महास्थविर।

भिक्षु महावीरको जन्म महावीर सिंहको रूपमा सन् १८३३ मा बिहार प्रान्तको रूपपुर

नामक एक गाउँमा भएको थियो । उहाँ त्यस वीर योद्धा बाबू कुबेर सिंहका भतिजा थिए, जसले अंग्रेजको विरूद्ध सन् १८५७ मा स्वतन्त्रताको निमित्त संग्रामको अन्तमा बाबु कुवेरसिंहले वीरगति प्राप्त परे । त्यस स्वतन्त्रता संग्राममा महावीरसिंहले पनि कुवँरसिंहलाई साथ दिएका थिए, त्यसवेला नै उहाँ "जैसा नाम वैसा काम" भइसकेको थियो । उहाँ शारीरिक बलले सम्पन्न २५ वर्षका जवान भइसकेको थियो । उहाँ त्यसवेला सम्मनमा एक हट्टा-कट्टा पहलमानको रूपमा प्रसिद्धि समेत पाइसकेको थियो । उहाँ लट्ठी, तलवार र भाला आदि चलाउनमा पनि त्यत्तिकै निपूण भइसकेका थिए । त्यसकारण उहाँको गाउँमा कहिल्यै चोर, डाँकूले आक्रमण गर्ने साहस गर्न सकेको थिएन ।

अंग्रेज सेनासित भएको त्यस १८५७ को युद्धमा कुवँरसिंहले वीरगति प्राप्त गर्नाले उनका सगी भाइ अमर सिंहले पनि देश छोडी भागेकोले महावीरसिंह एक्लो हुन गयो, जसको कारणले गर्दा उहाँले पनि आफ्नो केही पहलवान साथीहरूको एक गुट बनाई उत्तर प्रान्त छोडी दक्षिणतर्फ लाग्नुभयो । उहाँहरूको जीविका कुश्ती लडी इनाम प्राप्त गरी खाई पिई बचाई झन् झन् दक्षिण तर्फ जानु थियो । यसरी उहाँहरू एक ठाउँबाट अर्को ठाउँमा घुम्दै मद्रास सम्मन् पुग्नु भयो ।

उहाँहरू इन्दौर (मध्यप्रदेश) को बाटोबाट मद्रास पुग्नुभएको थियो । मद्रास सम्मन् पुगेको बेला उहाको एक मित्रमात्र बाकी रही अन्य सबैले एक-एक गरी छोडेर गइसकेका थिए ।

महावीरसिंहले मद्रासमा एक प्रसिद्ध मुसलमान पहलवानसित आखिरी कुश्ती लडेको थियो, जुन कुश्ती हेर्न कतिपय यूरोपिनहरू पनि उपस्थित थिए । यस कुश्ती जिते बापत महावीरसिंहलाई एक हजार रूपयां इनाम प्राप्त भएको थियो, जसमा आधा (पाँच सय) साथीहरूलाई खुशियालीमा खान-पानको निमित्त खर्च गर्नुभएको थियो ।

मद्रासबाट उहाँ फेरि रामेश्वरम् पुग्नुभयो, यसबेला सम्मनमा उहाँको एक साथीले पनि छोडिसकेको थियो । यसरी महावीरसिंह एक्लै समुद्रपार श्रीलङ्का पुग्नुभयो । श्रीलङ्कामा उहाँले आफ्नै प्रान्त (जगदीशपुर) का एक परिचित व्यापारीलाई भेटेको थियो, जसले महावीर सिंहलाई सदा उसैकहाँ रहन आग्रह गरे, जसअनुसार महावीरसिंह पनि पाँच वर्षसम्मन् उसै कहाँ रही जीवन निर्वाह गरे ।

श्रीलंकामा महावीरसिंह एक ठाउँबाट अर्को ठाउँमा घुम्दै फिर्दै रहेको बेला एक दिन अचानक पेटको रोगले ग्रसित भई सडकमै छटपटिरहनुभयो । त्यस सडकको नजिकै एउटा बिहार रहेछ । त्यस बिहारको एक प्रमुख भिक्षु इन्द्रासभ महास्थविरले उहाँलाई देखी विहारभित्र लग्नुभयो । त्यस विद्वान् महास्थविरने त्यस अपरिचित रोगीलाई सेवा सुश्रुवामात्र गरेको होइन उहाँको हिन्दू विचारधारा (जात-पात आदिको मिथ्या सुश्रवामात्र (विश्वास) लाई विस्तारै-विस्तारै परिवर्तन गर्दै लानु भएको थियो । अत: महावीरसिंह विस्तारै विस्तारै बौद्ध शिष्टाचार एवं धर्मप्रति प्रभाव पर्न गएको कारण इन्द्रासभ महास्थविरकै हातूबाट "श्रामणेर महावीर" हुनुभयो ।

उहाँले आफू श्रामणेर भएदेखि जीवनमा एक किसिमको अद्‌भूत सुख र शान्ति प्राप्त भएको कुरा महशुस गर्नुभयो। उहाँले विस्तार चित्तको एकाग्रता र संयमतर्फ पनि ध्यान दिनुभयो, पालिभाषामा पनि उहाँले असाधारण ज्ञान हासिल गर्नुभयो। उहाँको पालि शुद्ध उच्चारणबाट प्रसन्न (सन्तुष्ट) भई लंकाको एक धनी दाताले उहाँलाई नरिवलको एउटा बगैचा समेत प्रदान गरेको थियो जुन बगैंचा उहाँले गुरुलाई समर्पण गर्नुभयो। त्यस्तै उहाँले प्रब्रजित भएदेखि रूपैयाँ पैसा नछुने नियम (अपरिग्रह) पनि पालन गर्नुभएको थियो। जुन नियमको पालनले देवरिया स्टेशनमा कुल्लीको लागि चार आना दिन १५००।- रूपयाँ भएको बाकस खोली चार आना दिन १५००।- देखाउनु परेको थियो। यो दृश्य त्यहाँ दुई-तीन जनाले देखेका थिए। पछि जब राती बैलगाडीमा बसी उहाँ कुशीनगर आइरहनु भएको थियो, तब ५, ६ जना डाँकू आई उहाँ निदाई बेलारहेको बैलगाडालाई नै पल्टाई सबै रुपैयाँ लिई भागेको थियो। यो उहाँ निदाएर आएकोले मात्र लूट गर्न सकेको थियो। नत्र ५, ६ जना आएर उहाँ माथि केही गर्न सक्ने थिएन। उहाँलाई आफ्नो शक्तिमाथि पूरा विश्वास थियो।

उहाँ श्रामणेर भएको केही महिनापछि आफू वर्मामा गई उपसम्पन्न हुने मनसाय भएको कुरा आफ्नो गुरुलाई व्यक्त गर्नुभयो। अत: गुरु इन्द्रासभ महास्थविर र कोलम्वो, विद्योदय परिवेणका प्रधानाचार्य एवं संघनायक हिक्कडुवे श्री सुमंगल महास्थविरको सिफारिसपत्र (परिचयात्मक-पत्र) लिई श्रामणेर महावीर सन् १८८४ मा बर्मा पुग्नुभयो र त्यही वर्ष उपसम्पन्न हुनु भयो, तर त्यसबेला वर्मामा अशान्ति मच्चिरहेको कारणले उपसम्पदा दिनुभएका गुरुले भिक्षु महावीरलाई तुरुन्त श्रीलंका फर्कने सल्लाह दिनुभयो।

> *"सारनाथ के इतिहास के मूलमें दो नाम है -एक उस युग के प्रथम भारतीय बौद्ध भिक्षु महावीर स्वामीका और दूसरा अनगारिक धर्मपालका। यह दो विभूतियाँ न होती, तो आजका सारनाथ नहोता।"*

भिक्षु महावीर बर्माबाट श्रीलंका फर्कन कलकत्ता आउनुभयो तर उहाँ कलकत्ता पुग्नासाथ बौद्ध तीर्थस्थलहरू घुम्ने अभिलाषा हुन गएकोले उहाँ बुद्धगया, राजगृह, नालन्दा आदि ठाउँ घुम्दै सारनाथ पुग्नुभयो। सारनाथमा त्यसबेला न त विहारै थियो न त धर्मशाला नै। भिक्षु महावीरले सारनाथको प्राचीन भग्नावेशका ठूलठूला ईंटाहरू आसपासको गाउँमा मात्र होइन बनारसमा समेत आ-आफ्नो घर बनाउन प्रयोग गर्न बैलगाडामा राख्दै लगिरहेको देख्नुभयो, जुन दृश्य देख्नासाथ उहाँ सरासर गाडावानको अगाडी गई बलपूर्वक रोकिदियो, मामला (झगडा) बढ्यो। मामला कुनै यूरोपियन अफिसर सम्म पुग्यो, उहाँले बताउनु भयो कि सारनाथ बौद्धहरूको पवित्र तीर्थस्थल हो, त्यसैले हामीलाई यो सह्य हुन सक्दैन कि यहाँका प्राचीन अवशेषहरू नष्ट होउन्। त्यस यूरोपियन अफिसरले भिक्षु महावीरको मर्म बुझेपछि त्यहाँ एउटा चौकिदार (रखवाला) को

बन्दोबस्त गर्नुभयो, तबदेखि कसैले पनि एउटा ईंटसम्म उठाउन साहस गरेन ।

यसको सिलसिलामा भदन्त आनन्द कौशल्यायन (सन् १९०५-८८) ले भन्नु भएको थियो-

हो पनि, जुन बेला भिक्षु महावीरले त्यो कदम चाल्नुभएको थियो, त्यसबेला भारतमा पुरातत्त्व विभाग जन्मेको थिएन, न त कुनै उत्खनन नै भएको थियो । कौ सन् १९०४ देखि १९१२ सम्म भएको खुदाई पनि पछिकै थियो । अझ पुरातत्व विभागको तर्फबाट र त्यो भन्दा अगाडि सन जान मार्शल तथा सर जान कनिघमले गरेको उद्धार नै पछिको देन थियो ।

भिक्षु महावीर सारनाथबाट कुशीनगर जानु भयो । त्यसवेला सन्मन्मा (सन् १८७६ मा) गुप्तकालीन तथागतको परिनिर्माण मूर्ति उत्खननबाट प्राप्त भइसकेको थियो । भिक्षु महावीरलाई अन्य तीर्थस्थलहरू भन्दा कुशीनगरमा विशेष प्रभाव पर्न गयो, जसको कारण एक साल बाद फेरि एक बर्मी दायक साथ लिई २०० उपासकोपासिका लिई तीर्थ यात्रा गर्न आए र कुशीनगर पुग्नुभयो । यस पटक उहाँले जति सक्यो त्यति चाँडो आई कुशीनगरमा स्थाई बसोबास गर्न आउने निधो गरी फर्कनुभयो । त्यस कारण कलकत्ताबाट आखिरमा सन् १८९० मा कुशीनगर आउनु भई एउटा झोपडीबाट बसोबास शुरु गर्नुभयो । त्यसबेला कुशीनगर आसपासका किसानहरू उहाँका अन्नदाता थिए । विस्तारै विस्तारं उहाँले यात्रीको निमित रहन एउटा विहार बनाउने पनि विचार गर्नुभयो । उहाँको यस इच्छालाई एक बर्मीदाता र विशेष गरी कलकत्ताका प्रसिद्ध दायक सेठ श्री खेजारी बाबुले आर्थिक सहायता प्रदान गरी महावीर स्वामी आफैले रेखदेख गरी १५,०००।- को लागतमा सन् १९०२ मा विहार सम्पन्न गरिएको थियो, यो नै वर्तमान शताब्दीको पहिलो भारतीय बौद्ध विहार थियो ।

भिक्षु महावीरको समयमा नै प्रायः गरी कुशी नगरको खुदाई भएको थियो, उहाँकै अगाडि परिनिर्वाण स्तूपको पनि उत्खनन भएको थियो र परिनिर्वाण स्थलको लिखित प्रमाण भेटेको थियो । उहाँले परिनिर्वाण स्तूपको पुननिर्माण गर्ने पनि विचार गर्नुभएको थियो तर पुरातत्व विभागले अनुमति दिन विलम्ब गरिराखेको कारण उहाँको जीवनकालमा परिनिर्वाण स्तूपको पुननिर्माण हुन सकेन ।

भिक्षु महावीरले कुशीनगरमा मात्र होइन सारनाथमा पनि एउटा धर्मशाला बनाइएको थियो । त्यस्तै बुद्धगया मन्दिरको केही पुनरुद्धार एवं जीर्णोद्धारको निमित्त पनि प्रयत्न गरेर जानुभएको थियो । विशेषत: बंगाली भिक्षु कृपाशरण महास्थविरलाई प्रेरणा दिई लखनउ, कलकत्ता आदि ठाउँमा पनि विहार बनाउन लगाउनुभएको थियो ।

उहाँ प्रव्रजित भएदेखि कहिल्यै कोठाभित्र शयन गर्नुभएको थिएन, सदा विहारको बरण्डामा सुत्ने गर्दथे । मृत्युको एक हप्ताअगाडि देखिमात्र उहाँ कोठाभित्र शयन गर्नुभएको थियो । मृत्यु नजिकको तीव्र वेदनामा पनि उहाँ शान्त रहनु भएको थियो ।

अन्तमा, आफ्नो बाँकी काम सबै ऊ चन्द्रमणि महास्थविरलाई छोडी वि.सं. १९७६ (सन् १९१९) को चैत्र महिनामा गत: शताब्दीका यस

प्रथम उत्तर भारतीय भिक्षु महावीरले आफ्नो सम्पूर्ण कार्य बुद्ध शासनको सुरक्षाको निमित्त पहरदारको रूपमा रही भिक्खुत्रयी (भिक्षु राहुल सांकृत्यायन, आनन्द कोशल्यायन र जगदीश काश्यप) ले दर्शन पाउनु अगाडि नै तथागतको परिनिर्वाण भूमि कुशीनगर मै आफ्नो ८६ वर्षको दीर्घ-यात्रा समाप्त गर्नुभयो ।

### सन्दर्भ


१) बुद्ध और अनुचर- भदन्त कौशल्यायन
- छात्रहितकारी पुस्तकमाला प्रयाग बु.सं २४८०

२) बौद्ध विभूतियाँ - भिक्षु धर्मरक्षित
-मनोरञ्जन पुस्तकालय, बनारस १९५४

३) स्व. भिक्षु चन्द्रमणि महास्थविरका जीवन परिचय
- भिक्षु ज्ञानेश्वर-कुशीनगर


◆


## हार्दिक मङ्गलमय शुभकामना

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**सुगतराज शाक्य एण्ड सन्स**
इनाचो-७, भक्तपुर

## हार्दिक शुभकामना



नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. रामप्रसाद किसी**
मो नं. ९८५१०४४३७३

**माटो चाहिएमा सम्झनुहोला ।**
- डी.पी.सी. तथा जग्गा पूर्न र ईंटा भट्टाको लागि माटो चाहिएमा सम्झनुहोस् ।
- निर्माण सामग्री र निर्माण साधनको लागि सम्पर्क गर्नुहोला ।

# 'चार आर्य-सत्य' अध्ययन गर्दा

✍ विष्णुगोपाल कुसी




परिवार, समुदाय, देश र संसारको दुःखको मूल जरा नै हाम्रो मनको विकार हो। त्यो मनको विकारको जरैदेखि उन्मूलन नभएसम्म हामीले दुःखबाट छुटकारा पाउन सक्दैनौं अर्थात् विकार रहेसम्म दुःख पनि रहिरहन्छ। हाम्रो मनमा विकार भएसम्म जतिसुकै धर्म-कर्म, पूजा-आजा, भजन-कीर्तन, होम यज्ञ आदि गरे पनि मन स्वच्छ हुँदैन। यही कारण बुद्धले भनेका थिए, हाम्रो चित्त (मन) को चेतना राम्रो हुनुपर्छ। चेतना राम्रो भएमा व्यक्तिले गर्ने कार्य त्यसै राम्रो हुन्छ। अनि व्यक्ति, परिवार, समाज, देश र विश्वले नै सुखको अनुभूति गर्न पाउँछन्, शान्तिको अनुभूति गर्न पाउँछन्। बुद्धले दुःख छ, दुःखको कारण छ दुःख मुक्तिको अवस्था छ र निवारण गर्ने उपाय पनि छ भनी कारणसहित पत्ता लगाएर यी चार आर्य सत्यलाई बुद्ध धर्मका चार स्तम्भ मानिएको छ। आर्य सत्य नै बुद्ध धर्मका खास पृष्ठभूमि हुन्।

पहिलो आर्य सत्य हो दुःख छ। बुद्धको विचारमा दुःखविहीन व्यक्ति हुँदैन, दुःखविहीन समाज र देश हुँदैन। दुःख मुक्त जीवन कसैको पनि हुँदैन भन्ने तर्क बुद्धको हो। कोही स्वास्थ्यको कारणले दुःखी होला, कसैसँग धनसम्पत्ति नभएर दुःखी होला। कसैसँग विद्या नहोला, कसैलाई मान, प्रतिष्ठा, इज्जत नभएर दुःखी होला, अर्काको दुर्व्यवहार, अपमान, हेला सहनु परेर कसैलाई दुःख होला। जतिसुकै धनी, सुखी भए पनि थोरै थोरै कुनै न कुनै दुःखको क्षण भएकै हुन्छ। त्यसको अर्थ संसारमा सुख छँदै छैन पनि भनिएको होइन। घर-खेत, धन-सम्पत्ति, सुन-चाँदी हुनु एक प्रकारको सुख हो। सम्पत्ति उपयोग गर्न पाउनु सुख हो। कसैको अपमान र हेला गराएर जीवन बिताउन नपर्नु सुख हो। कसैले छिःछिः र दुरदुर गरेर जीवन बिताउन नपाउनु सुख हो। जन्म हुनु दुःख, बुढाबुढी हुनु दुःख, मर्नुपर्ने दुःख, बिलाप गर्नु दुःख, इच्छा गरेको नपुग्नु दुःख हो।

आमाको गर्भमा ९/१० महिनासम्म गर्भाधानको अवस्थादेखि भ्रुणको अवस्थासम्म बस्नु के दुःख होइन ? शरीर धारण गरेपछि कालान्तरमा कुनै न कुनै रोग लाग्नु दुःख हो। रोग निको पार्न पैसा खर्च हुनु दुःख हो। क्यान्सर, मुटु रोग र मृगौला रोग लाग्नु दुःख हो। बुढाबुढीहरूको घुँडा दुख्नु, ढाड दुख्नु, हिँडडुल गर्न असमर्थ हुनु दुःख हो। खान रुचि नहुनु, निन्द्रा नलाग्नु, खोकी लाग्नु, ज्वरो

आउनु दुःख हो । खानपान गर्न नपाउनु, भएर पनि खान नसक्नु, पराधीन भएर जिउनु दुःख हो । मरण हुनु दुःख हो । मन नपर्ने वस्तु उपभोग गरिबस्नु, मन नमिलेका अप्रिय व्यक्तिसँगसँगै बसिरहनुपर्ने परिस्थिति पनि दुःख नै हो । वस्तु बिग्रेर, हराएर, चोरी भएरै दुःख हुन्छ । प्रिय व्यक्ति या साथीभाइ, छरछिमेक, इष्टमित्र मरेर दुःख हुन्छ । मान्छेले अनेक इच्छा गर्छन् तर पूर्ति हुँदैन त्यो पनि दुःख हो । यसैले भनिन्छ, कर्म असल गरे फल असलै प्राप्त हुन्छ ।

संसारमा मानिसले सुखकै निम्ति दुःख गरिरहेका हुन्छन्, जीवन सुनिश्चित गर्न नै दुःख गरिरहेका हुन्छन् । सुखको निम्ति काम गर्दागर्दै अनेक दुःखद घटना पनि हुन्छ, भइरहेको पाइन्छ । काम-मामको बन्दोबस्त भएको देशमा पनि दुःख हुँदैन भन्ने होइन । कहिले पहिरो जान्छ, कहिले बाढी आउँछ, कहिले असिना पानी पर्छ । कहिले ज्वालामुखी फुटछ त कहिले भूकम्प हुन्छ । कहिले शोकले, कहिले भोकले, कहिले रोगले, कहिले पीडाले दुःख हुन्छ । गरिब देशदेखि विकसित देशसम्म कोरोना भाइरसले सताएकै हो । करोडौं मान्छेको मृत्यु भएको हो । के यो दुःख होइन ?

गरिबी बढ्दो छ । अनियमितता बढदो छ । एक छाक खान पोशाक लाउन धौधौ भएका लाखौं करोडौं मानिस छन् । कहिले अतिवृष्टि त कहिले अनावृष्टि हुन्छ । प्रत्येक वर्ष बाढीपहिरोले धनजनको क्षति गरिरहेकै छ । अनावृष्टि भएर उत्पादन नहुने या कम हुने त कहिले अन्न भित्र्याउन लागेको बेला बाढी पसेर त कहिले असिना परेर बालीनालीको क्षति हुन्छ । कहिले नक्कली बीउ परेर त कहिले म्याद नाघेको बीउ परेर बाली नलागेको हामीले देख्दै भोग्दै आएका हौं । जनसङ्ख्या वृद्धिसँगै कसैलाई बस्ने आवासको समस्या छ, कहीं समाजमा अशान्ति छ । कहिले धर्म, कहिले जातको नाउँमा झगडा हुन्छ । कहिले चोरी चकारी गरेर, लुटेर हैरान हुन्छ । सत्तालोभ र भागबन्डाले देश बिग्रिरहेको हो । लुट, हत्या, चोरी, अपहरण, बलात्कारका घटनाहरू दोहोरिहेका छन् । बेश्यालय पुऱ्याउने, मानव बेचबिखन गर्ने, अङ्ग बेच्ने काम हटेको छैन । के यी सबै दुखद परिदृश्य होइनन् ?

वायु प्रदूषण, जल प्रदूषण, ध्वनि प्रदूषणले अनेक रोग लागेको छ । सत्तामा जान दलहरूबीच तँछाडमछाड हुन्छ । मन्त्री बन्न खुट्टा तानातान हुन्छ । सत्ता ढाल्ने, जोगाउने खेल भइरहेकै छ । युवाहरू काम नपाएर हैरान छन्, कामको खोजीमा जाँदा काम सफल नभएर, धोका दिएर आँसु पिएर जीवन बिताउन बाध्य छन् । जताततै इर्ष्या, द्वेष, घृणा, क्रोध र वैमनस्यताको खचाखच छ । धन नहुनेहरू धन कमाउन व्यस्त छन्, धन हुनेहरूलाई धन जोगाउनेमा चिन्ता छ । कसैलाई व्यापार बिग्रिएला र नाफा कम होला भन्ने चिन्ता छ । कति व्यापार बिग्रिएर या काम असफल भएर ऋणमा डुब्ला भने चिन्ता हुन्छ । कोही सुखको निम्ति विदेश पसिन्छ तर, काम बन्दैन । कहिले दुर्घटना त कहिले के के कारण दिनको तीन चारवटा लास भित्रिन्छ । काम गर्दा धोका दिएर नेपाल फर्काउन अनुनय विनय गरिरहेका नेपाली दुःखका स्वरहरू हामीले सुनिरहेका छौं ।

उद्योगी व्यापारीहरू कलकारखाना खोल्न लगानी गर्छन् कच्चा पदार्थ नपाएर उद्योग बन्द होला भन्ने उनीहरूमा पिर हुन्छ । उद्योगबाट

उत्पादित सामान नबिक्ला र खेर गएर उद्योग दुब्ला भन्ने चिन्ता हुन्छ । छोराछोरीलाई पढाउन सक्ला नसक्ला, बिहे व्रतबन्ध गर्न या अन्य घर खर्च जुटाउन सक्ला या नसक्लाको चिन्ता हुन्छ । देश र जनताको सेवा गर्ने नाउँमा दल खोलेर सत्तामा पुग्ने, सत्तामा गएर देश बेचिएला, देशघाती असमान सन्धि, सम्झौता गरेर दूरगामी असर पार्ला भन्ने चिन्ता पनि कहाँ नभएको हो र । हालै भएको एमसीसी सम्झौताको त्यो पीडा सेलाउन नपाउँदै फेरि एसपीपीको समझदारीले देशलाई नव-उपनिदेश बनाउने, पराधीन बनाउने, नेपाली भूमि प्रयोग गरेर छिमेकी देशमाझ झगडा गराउने, घेरा हाल्नेया विकासमा बाधा हाल्ने काम सत्तासीन दलका नेता र मन्त्रीहरूले गरिरहेको यथार्थले आम जनतामा चोट परिरहेको छ । के यो नेपालीको दुःख होइन ?

कोही जाँड रक्सी खान्छन्, टोल र समाजमा हो-हल्ला गर्छन् । कोही नशालु सेवन गर्छन् र समाजमा आतङ्क मच्चाएर हिँड्छन् । कोही आमाबुबालाई तर्साएर आतङ्कित पारेर छोराछोरीले दुःख दिन्छन् । कोही छोराछोरीहरू आमाबाबुलाई हेरविचार, पालनपोषणभन्दा पनि सम्पत्ति हात पार्ने षड्यन्त्र बुनेर त कोही भोकभोकै राखेर हैरान गर्छन् । कोही आमाबाबुलाई छोडेर विदेश छिरेर आमाबाबुलाई चटक्कै भुल्छन् त कोही आमाबुबा बिते पनि काम छोड्न मिल्दैन भनी स्वदेश फर्कंदैनन् र आफूले गर्नुपर्ने विधि व्यवहार भुल्छन् ।

कुनै देश आफूलाई शक्तिशाली ठान्छन्, अरु देशमा आक्रमण गर्छन् र जनधन सोत्तर पार्छन् । कुनै देश अरु देशलाई झगडा गराएर आफ्नो पुरानो काम नलाग्ने हतियार बेचेर फाइदा लिन्छन् त कुनै देश अरु देशको विकासमा बाधा पुऱ्याउन संसारलाई आफै छत्रछायामा राख्ने प्रयास गर्छन् । यी सबै दृश्य संसारले भोगिरहेको यथार्थ हो । यी सबै घटनाको कारक मनको विकार हो । देशका नायक, नेता, मन्त्री उच्चपदस्थहरूको मन शुद्ध नभइकन, साँच्चै देश र जनताको सेवा गर्छु भन्ने पवित्र मन नभइकन संसारका मानिसले सुख र शान्तिपूर्वक सन्तोषको सास फेर्न पाउने छैनन् । त्यसैले हाम्रो चेतना या मन राम्रो, शुद्ध र असल हुनुपर्छ ।

दोस्रो आर्य सत्य हो - दुःखको कारण छ । जीवनमा दुःख हुँदोरहेछ भने स्मरण त भयो । दुःख किन हुन्छ ? त्यसको पनि कारण हुन्छ । कसैले कसैलाई शोषण, दमन, अन्याय अत्याचार नगरी दुःख हुँदैन । आफूमात्र लाउने, आफूमात्र खाने स्वार्थले पनि मान्छेलाई दुःख भइरहेको हुन्छ । बुद्ध धर्ममा तृष्णाको कारण दुःख भएको शिक्षा दिइन्छ । लोभलालच पदको दुरुपयोग गरी आवश्यकताभन्दा बढी कमाउने इच्छा, कमाउने नाउँमा गरिएको अनियमितताले पनि दुःख हुन्छ । कहिले अनावश्यक रिस, क्रोध, घृणा अपमान, हेलाहोचोले दुःख सिर्जना हुन्छ । हामीमा भएको अविद्या अर्थात् (सही या गलत छुट्याउन सक्ने यथार्थ ज्ञान) को अभावले समाज र देशले दुःख पाइरहेका हुन्छन् ।

पदको दुरुपयोग गरी अकुत सम्पत्ति कमाउनु तृष्णा हो या लोभ हो । ऐस- आरामको सीमा हुँदैन । किनकि, सबै मान्छेको इच्छा या कामना चाहेर पनि पूरा हुँदैन । ध्यान गर्नुपर्छ, यो अर्को पाटो हो । ध्यान गरेर दुःख अन्त हुन्छ भन्ने ज्ञान अल्पबुद्धि हो । ध्यानले भोक मेट्दैन, शोषण, दमन अन्त्य हुँदैन । भौतिक सुख सुविधा र यशकीर्तिको निम्ति खाँदै

नखाई रातदिन जोतिने काम तृष्णाको लक्षण हो। आफ्नो अस्तित्व जोगाइराख्ने इच्छा या लालसा भाव तृष्णा हो। यो मिथ्यादृष्टि हो। आडम्बर र वैभव प्रदर्शन गर्नु तृष्णा हो। तृष्णाले शोक जन्माउँछ, तृष्णाले नै भ्रम जन्माउँछ। मनो विकारबाट मुक्ति अनिवार्य हुन्छ।

गौतम बुद्धले भनेका छन्, चित्तको चेतनाबाटै कर्म बन्दछ। जुनसुकै कर्म पनि पहिले मनमा उब्जिन्छ र अनिमात्र वचन र शरीरबाट कार्य गर्न पुगिन्छ। चेतना राम्रो भए कर्म राम्रो हुन्छ। हाम्रो कर्मअनुसार नै हामी शोक, भोक, रोगको शिकार हुन्छौं। अर्थात् जसले जस्तो कर्म गर्छ, उसले त्यस्तै भोग या असल, खराब भोग्छ। कारण नभई कार्य हुँदैन। मानिसहरू तृष्णाको वशमा परेर केमात्र गर्दैनन् ? चोरी चकारी गर्छन्। डकैती गर्छन्, लुटपाट मच्चाउछन्, व्यभिचार गर्छन्। यी सबै तृष्णाका फल हुन्। अनि उनीहरूले सोहीअनुसार सजाय पाउँछन्। यसले थाहा हुन्छ, अकुशल कर्मको फल सुखमय हुँदैन। सुख नै भए पनि त्यो क्षणिक हुन्छ र मनले पोलेर अन्ततः उसले दुःख पाउँछ। हामीलाई कसैले 'स्वर्ग' र 'नर्क' पठाउने होइन, हामी आफ्नै भोगाइको कारण 'स्वर्ग' र 'नर्क' पुग्छौं या गलत र सही ठाउँमा पुग्छौं। शान्तिकामी बुद्धले भनेका थिए, आफ्नो मालिक हामी आफै हौं। हाम्रो भाग्य विधाता हामी आफैं हौं।

तेस्रो आर्यसत्य हो- दुःख निरोधको अवस्था छ। तृष्णाको बीउ बाँकी रहेसम्म दुःखको अस्तित्व मेटिँदैन भन्ने प्रसङ्ग माथि गइसकेको छ। तृष्णा भएसम्म आफ्नो कर्मको प्रभाव मेटाउन सकिँदैन। त्यसलाई जरैदेखि उन्मूलन गरियो भनेमात्रै फेरि दुःख हुँदैन। दुःख निरोधको स्थितिबारे बुद्ध आफ्नो तर्क यसरी अगाडि सार्छन्- यो दुःख निरोध आर्य सत्य हो। बुद्धले दुःख मुक्तिको अवस्थाबारे यथार्थ कुरा बताएका हुन्। निर्वाणको अर्थ तृष्णाबाट पूर्णतया निवृत्त हुनु हो। निर्वाणको सोझो अर्थ हो - अनाशक्तिको चरमावस्था। बुद्धले ३५ वर्षको उमेरमा सम्पूर्ण सुख सुविधा, परिवार, धनसम्पत्ति, दरबार त्यागी निर्वाण प्राप्त गरेका थिए। उनले ८० वर्षको उमेरमा भारतको कुशीनगर भन्ने ठाउँमा महापरिनिर्वाण प्राप्त गरेका थिए। यसरी निर्वाणलाई नै दुःख निरोध सत्य मानिएको छ। हामीले लोभ, द्वेष र मोहलाई त्याग गरेको खण्डमा अरूबाट गाली खानु पर्दैन। तृष्णाबाटै दुःखको उद्गम हुन्छ। तृष्णाबाट मुक्त भए शोक र भय हुँदैन। त्यसैले निर्वाणलाई अन्तिम सत्य मानिन्छ।

चौथो आर्य सत्य हो- दुःख मुक्तिको उपाय छ। दुःखरूपी समस्याको समाधान निर्वाण हो भन्ने कुरा बुझेपछि अब कुन मार्ग या उपायबाट दुःखबाट मुक्त पाउन सक्दछौं भन्ने उपाय पनि थाहा पाउनुपर्छ। दुःख मुक्तिको उपायलाई आर्य अष्टाङ्गिक मार्ग वा दुःख मुक्तिको मार्ग भनिन्छ। बुद्ध दुःख निरोधको उपायबारे यसरी व्यक्त गर्छन् - दुःख निरोधको उपाय हो आर्य सत्य। यो आर्य आष्टाङ्गिक मार्ग हो। यी आठ मार्ग भनेको सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि हुन्।

यी अष्टाङ्गिक मार्गलाई शील, समाधि र प्रज्ञामा विभाजन गरिएको छ। शीलअन्तर्गत सम्यक वचन, सम्यक कर्म र सम्यक आजीविका, समाधिअन्तर्गत सम्यक व्यायाम, सम्यक स्मृति र

सम्यक समाधि तथा प्रज्ञाअन्तर्गत सम्यक दृष्टि र सम्यक सङ्कल्प रहेका छन् ।

**शील स्कन्ध:**

शील भनेको सदाचार हो । आफ्नो र अरूको भलो गर्ने आचरण नै शील हो । भनिन्छ, हाम्रो शील स्वभाव र आचरण राम्रो या असल हुनुपर्छ । शीलवान व्यक्तिमा करूणा र प्रज्ञा (ज्ञान) हुन्छ । शरीर र वचनको दुष्कर्मबाट बच्नु शील हो । दूराचारी जीवन त्याग्नु शील हो । सदाचारी जीवन बिताउनु, मैत्री, शान्ति र करूणा युक्त हुनु शील हो ।

झूट कुरा गर्नु, करूणा निन्दा र छलकपट युक्त कुरा गर्नु कडा र छुद्र वचन बोल्नु र अर्थहीन कुरा गर्नु आदि चार अकुशल कर्म हुन् । आफ्नो वचनबाट हुन जाने दुष्कर्मबाट बच्नु सम्यक वचन हो ।

**समाधि स्कन्ध:**

चित्तको एकाग्रता नै समाधि हो । राग, द्वेष र कुनै मोहमा नफसी चित्त एकाग्र गर्नु चित्तलाई ठाउँमा राख्नु हो । मनलाई सन्तुलित बनाउन सम्यक व्यायाम आवश्यक हुन्छ । पाप अन्त्य गर्ने प्रयास गर्नु, पाप उत्पन्न हुन नदिनु, पुण्यकर्मलाई उत्पन्न गर्ने प्रयत्न गर्नु र उत्पन्न भइनसकेका कुशल धर्मलाई उत्पन्न गर्नु, चार प्रकारका सम्यक व्यायाम हुन् ।

**प्रज्ञा स्कन्ध :**

ठीक ठीक ढङ्गले जानु, सिक्नु या प्रशिक्षित हुनु प्रज्ञा हो । आफ्नो बुद्धि, विवेक र अनुभवको आधारमा यथार्थ कुरा थाहा हुनु प्रज्ञा हो । सुनी, पढी, देखी जान्नु, बुझ्नु श्रुतीमयी ज्ञान हो । सुनी, पढी, देखी प्राप्त गरेको ज्ञानउपर चिन्तन मनन गरी ज्ञान ग्रहण गर्नु चिन्तनमयी प्रज्ञा हो । सुनी, पढी, देखी चिन्तन मनन गरी ठीक सम्झी आफ्नै अनुभवमा पाएको ज्ञान भावनामयी प्रज्ञा हो ।

प्रज्ञा स्कन्धअन्तर्गत सम्यक दृष्टि सम्यक सङ्कल्प हुन्छ । यथार्थ ज्ञान हुनु, त्यसलाई धारण गर्नु र मिथ्या विचार त्याग्नु सम्यक दृष्टि हो । वस्तु, व्यक्ति र स्थितिलाई ज्ञान चक्षुले यथार्थ देख्नु पनि सम्यक दृष्टि हो । राम्रो, कुशल र कल्याणकारी विचार राख्नु सम्यक सङ्कल्प हो । अर्थात्, मिथ्या दृष्टिले मुक्त विचार नै सम्यक सङ्कल्प हो । लोभयुक्त र दोषमुक्त मनमा सम्यक सङ्कल्पको बास हुँदैन ।

सारमा बुद्ध शिक्षाले अन्धविश्वासलाई स्वीकारेको छैन । अन्ध श्रद्धा र मिथ्या धारणालाई अस्वीकार गरेको छ । समाजका कुरीति, कुसंस्कार, तुच्छ भावना, जाति भेद, वर्ण भेद, लिङ्ग भेद र कुमनोवृत्तिको विरोध गरिएको पाइन्छ ।

यस हिसाबले दोलेन्द्ररत्न शाक्यद्वारा रचित यो 'चार आर्य सत्य' पुस्तक पठनीय छ । शिक्षामूलक छ । देशको परिवशलाई लिएर लेखिएको यो पुस्तकले जोसुकै पाठकको मन खिच्ने आशा गर्ने ठाउँ छ ।

◆

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले
बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले
पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको
पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस
र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक
मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्री गणेश माध्यमिक विद्यालय**

भार्वाचो-१, भक्तपुर, फोन नं. ६६१५०१२
मो.नं. ९८४१९८७६७४

# लुम्बिनीसँग जोड्नैपर्ने सात बौद्ध गन्तव्य

✍ नारी गौतम

गौतम बुद्ध जन्मस्थलको विकासका लागि तयार पारिएको लुम्बिनी गुरूयोजना अब सकिने चरणमा छ । सन् १९७८ मा जापानी प्रा. केन्जो टाँगेले तयार पारेको गुरूयोजना झण्डै ४० वर्ष लगाएर सम्पन्न गरिँदै छ । टाँगेले सन् १९७२ देखि १९७८ सम्म ६ वर्ष लगाएर लुम्बिनी गुरूयोजना कोरेका थिए । त्यसलाई पन्ध्र वर्षभित्र दुई चरणमा पूरा गर्ने लक्ष्य राखिए पनि सरकारी बेवास्ताका कारण अहिलेसम्म सम्पन्न हुन सकेको छैन । ढिलै भए पनि गुरूयोजना सम्पन्न भएपछि लुम्बिनी संसारका घुम्नलायक थोरै गन्तव्यमध्येको एउटा गन्तव्य बन्ने निश्चितप्राय: छ ।

लुम्बिनी अन्तरराष्ट्रिय पर्यटकीयस्थलका रूपमा तयार हुनु र झन्डै २० किलोमिटर नजिकै अन्तरराष्ट्रिय गौतमबुद्ध विमानस्थल सञ्चालनमा आउनुले यस क्षेत्रको भविष्यलाई अझ उज्ज्वल बन्ने सङ्केत देखिएको बौद्ध अध्येता वसन्त महर्जन बताउनुहुन्छ । "लुम्बिनी गुरूयोजना समयमै सम्पन्न भएको भए पर्यटन प्रवर्द्धनमा फड्को मार्थ्यो तर ढिलो भए पनि सम्पन्न हुने चरणमा छ, यो सुखद् कुरा हो", लेखक महर्जन भन्नुहुन्छ, "यस क्षेत्रको प्रवर्द्धन गरी आर्थिक लाभ लिन नेपाल र भारतका बौद्ध क्षेत्रसँग जोडेर विकास गर्नुपर्छ ।"

लुम्बिनी घुम्न आउने लाखौं बौद्ध पर्यटकले बौद्ध संस्कारानुसार लुम्बिनी घुम्ने विधि प्रयोग गरे पनि उनीहरू यहाँ जम्मा तीन दिनमात्र बास बस्छन् । पहिलो दिन लुम्बिनी ग्राम क्षेत्रमा रात बिताएर पवित्र आध्यात्मिक क्षेत्र प्रवेशका लागि मानसिक र शारीरिकरूपमा तयार रहने, दोस्रो दिन सांस्कृतिक क्षेत्रमा चित्त शुद्ध गर्ने र तेस्रो दिन मात्रै मायादेवी मन्दिरको दर्शन गर्नुपर्ने विधि गुरूयोजनामा छ ।

एक हजार १५५ बिघा क्षेत्रफललाई तीन दिन लगाएर घुमेपछि पर्यटकले थप समय बिताउने गन्तव्य खोजी गर्नेछन् । त्यसकै लागि लुम्बिनी विकास कोषले लुम्बिनी क्षेत्रमा रहेका कपिलवस्तु र नवलपरासी (बर्दघाट सुस्तापूर्व र पश्चिमका बौद्ध गन्तव्यको विकास गर्नुपर्ने अवधारणा अघि सारेको छ ।

सुस्त गतिमा सम्पन्न हुन थालेको लुम्बिनी गुरूयोजना पूर्णतया सम्पन्न नहुँदै तयारी गरिएको अन्य गन्तव्यको गुरूयोजना निर्माण सफल होला वा नहोला भन्न सकिने अवस्था छैन तथापि एक दिन ती गन्तव्यलाई पनि लुम्बिनीजत्तिकै भव्य बनाउनुपर्ने आवश्यकता रहेको संस्कृतिविद् डा. गितु गिरी बताउनुहुन्छ । "विकास कोष लुम्बिनीमा मात्रै केन्द्रित भयो जसले गर्दा बुद्धको जीवनसँग जोडिएका अन्य स्थलहरू ओझेलमा परे", डा. गिरी भन्नुहुन्छ, जबसम्म यी स्थललाई लुम्बिनीसँग जोडेर विकास



गर्दिैन, तबसम्म लुम्बिनीको पर्यटन प्रवर्द्धन हुँदैन ।" लुम्बिनीको पर्यटन प्रवर्द्धन गरी यहाँका नागरिकको जीवनस्तर परिवर्तन गर्ने हो भने सबै बौद्ध क्षेत्रलाई संरक्षण, सम्वर्द्धन गरी विकास गर्नुपर्ने उहाँको भनाइ छ । "मौसमी बाजा बजाएर मात्रै हुँदैन, सरकार प्रतिबद्ध भएर लाग्नुपर्छ, अनि नागरिक समाज र निजी क्षेत्रले साथ दिनुपर्छ", डा. गिरी सुझाव दिनुहुन्छ ।

लुम्बिनी, तिलौराकोट, गोटिहवा, निग्लिहवा, कुदान, सगरहवा, अरौराकोट, देवदह, रामग्रामलगायत बौद्ध क्षेत्रलाई जोडेर विकास गर्न सकिए मात्रै पर्यटन प्रवर्द्धनबाट नेपालले फाइदा लिन सक्ने पर्यटन तथा संस्कृतिविद्को सुझाव छ ।

**लुम्बिनी**

सिद्धार्थ गौतमको जन्मस्थल लुम्बिनी विश्वसम्पदा सूचीमा सूचीकृत पवित्र ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदा हो जहाँ इ.पू. ६२३ मा राजा शुद्धोधनकी रानी मायादेवीले सिद्धार्थलाई जन्म दिनुभएको थियो । विभिन्न बौद्ध वाङ्मयमा बुद्धको जन्मस्थल भनेर लुम्बिनी नाउँको एउटा उपवनलाई चिनाइएको तथा सो उपवनमा कालान्तरमा विभिन्न मानवीय गतिविधि हुन थालेको उल्लेख गरिएको छ । 'लुंमिनी गाम' शब्दको पहिलो उल्लेख लुम्बिनीस्थित मौर्य सम्राट् अशोकद्वारा ई.पू. २४९ मा स्थापित शिलास्तम्भको अभिलेखमा परेको छ । 'त्रिपिटक' का विभिन्न ग्रन्थमा पनि सो शब्द उल्लेख गरिएको छ । ती ग्रन्थमा सो शब्दको उल्लेख भए पनि अशोकस्तम्भमा रहेको 'लुंमिनी गाम' शब्द नै पहिलो उल्लेख हो किनभने बौद्धधर्मका ती ग्रन्थ सम्राट् अशोकपछि मात्र लेखिएको हो भन्ने मान्यता अध्येता महर्जनको छ । सो क्षेत्रमा दुई दर्जनभन्दा बढी बिहार र गुम्बा छन् जसलाई सन् १९९७ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको हो । ई.पू. ११ सय शताब्दीसम्मका महत्त्वपूर्ण सम्पदा यहाँ छन् । मायादेवी मन्दिर वरिपरि रहेका इँटाका थुप्राहरू चैत्य र विहारका अवशेष हुन् ।

शाक्यमुनि बुद्धको जन्मस्थान भएकै कारण लुम्बिनी भन्नेबित्तिकै मायादेवी मन्दिरको नाम आउँछ । मायादेवी क्षेत्र लुम्बिनीको मुटु हो । सो ठाउँमा पुग्न संसारका बौद्धमार्गी लालायित छन् । विश्वभरका विभिन्न देशबाट बर्सेनि १६ लाखभन्दा बढी तीर्थालु सो पवित्र भूमिमा आउँछन् । मायादेवी मन्दिरमा पुगेर उनीहरू शान्तिको सास फेर्छन् ।

'रूमिनदेही' बुद्धको जन्म हुनुभन्दा पहिले एक बगैंचाका रूपमा परिचित थियो । प्राचीनकालमा लुम्बिनी क्षेत्र स्वतन्त्र कपिलवस्तु राज्यअन्तर्गत थियो । तिलौराकोट दरबार भएका राजा शुद्धोधनको सो राज्यको सिमाना पूर्वमा रोहिणी नदी, पश्चिममा अचिरावती (हाल दाङ जिल्ला भएर बग्ने राप्ती) नदी, उत्तरमा हिमालय पर्वत (महाभारत पर्वत शृङ्खला), पूर्वदक्षिणमा अनोमा नदी र पश्चिम दक्षिणमा कोषल (हाल भारतको बस्ती जिल्ला) राज्य थियो । कपिलवस्तुको पूर्वमा कोलीय राज्य थियो जसको राजधानी देवदह थियो ।

शुद्धोधनले कोलीय राजकुमारी मायादेवी र प्रजावतिसँग विवाह गरेका थिए । मायादेवीले आफ्नो माइती देवदह जानेक्रममा लुम्बिनीमा बुद्धलाई जन्म दिएकी थिइन् । बुद्धको जन्मस्थल भएकै कारण लुम्बिनीको मायादेवी मन्दिर क्षेत्र धार्मिक हिसाबले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । यहाँ विश्वका बौद्ध उपासकउपासिका गौतम बुद्धप्रति श्रद्धाभक्ति प्रकट गर्न आउने गर्छन् । मायादेवीमा भिक्षुभिक्षुणीका साथै उपासकउपासिकाले दीप प्रज्ज्वलन गर्ने, ध्यान गर्ने, मन्त्र तथा सुत्त पाठ गर्ने गर्छन् ।

## तिलौराकोट

लुम्बिनीदेखि करिब २८ किमिको दूरीमा सिद्धार्थ गौतमले आफ्नो जीवनकालको २९ वर्ष बिताएको स्थान तिलौराकोट छ । यस क्षेत्रलाई विश्वसम्पदा क्षेत्रमा सूचीकृत गर्ने तयारी छ । त्यसका लागि लुम्बिनी विकास कोषले जेठ ३ र ४ गते तिलौराकोट सम्मेलन गर्दै छ । सम्मेलनमा नेपाल तथा विभिन्न देशका विज्ञको सहभागिता रहने पुरातत्त्व विभागका निमित्त वरिष्ठ पुरातत्त्व अधिकृत हिमाल उप्रेती बताउनुहुन्छ । सो क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक प्रमाण जुटाउने उद्देश्यले विभागले पटक पटक दुर्हाम विश्वविद्यालय बेलायत, सङ्घीय सरकार र विज्ञको संलग्नतामा लुम्बिनी उत्खनन गरेको थियो । आवश्यक प्रमाण सङ्कलन भइसकेकाले छिट्टै सो क्षेत्र विश्वसम्पदा सूचीमा सूचीकृत हुने उप्रेतीको भनाइ छ ।

महत्त्वपूर्णस्थल भएर पनि लुम्बिनी आउने अधिकांश पर्यटक सो पवित्र स्थानमा पुगेका हुँदैनन् । यहाँ पर्याप्त पर्यटकीय पूर्वाधार छैनन् जसले गर्दा त्यहाँ पुग्ने पर्यटक पनि निरास भएर फर्कने गरेका छन् । तिलौराकोट आउने पर्यटक पश्चिमी र पूर्वीद्वार तथा मध्यमा रहेको राजप्रासाद अवलोकन गरी फर्कने गरेका छन् । तिलौराकोट दरबारबाट सात सय मिटरको दूरीमा धमनिहवा स्तूप छ । शुद्धोदन र मायादेवीको समाधिस्थल रहेको सो स्तूपबारे धेरैलाई थाहै छैन ।

## गोटिहवा

तिलौराकोटबाट सात किमि दूरीमा नेपालमै जन्मेका ककुछन्द बुद्धको जन्मस्थान गोटिहवा छ । सो स्थानमा भाँचिएको अशोकस्तम्भ र प्राचीन स्तूपको भग्नावशेष छ । यहाँ लुम्बिनी प्रदेश सरकारले ककुछन्दको मूर्ति स्थापना गरे पनि उचित प्रचारप्रसार नहुँदा यहाँ पर्यटक पुग्ने गरेका छैनन् । यहाँ पुग्न पक्की सडक रहे पनि घुमफिर गरेर समय बिताउने वा आध्यात्मिक गतिविधि गर्ने पूर्वाधार नहुँदा आएका पर्यटक पनि छोटो समयमै फर्किने गरेका छन् ।

## निग्लिहवा

नेपालमै जन्मेका अर्का बुद्ध कनकमुनिको जन्मस्थान निग्लिहवा तिलौराकोटदेखि नौ किमि दूरीमा

पर्छ । यहाँ भाँचिएका अशोकस्तम्भका टुक्रा र निग्लिसागर पोखरी छन् । यस स्तम्भमा उत्कीर्ण गरिएको शिलालेखले कनकमुनि बुद्धको जन्म यस स्थलमा भएको तथ्य प्रमाणित गर्छ । यहाँ लुम्बिनी प्रदेश सरकारले कनकमुनिको मूर्ति स्थापना गर्नेबाहेक कुनै पर्यटकीय गतिविधि हुन सकेका छैनन् । पर्यटन पूर्वाधार नहुँदा यहाँ पर्यटक पुग्ने गरेका छैनन् । निग्लिहवादेखि नजिकै कनकमुनि बुद्धको गृहनगर अरौराकोट पर्छ जहाँ प्राचीन भग्नावशेष छन् ।

**सगरहवा**

हजारौं शाक्यहरूको नरसंहार गरिएको भनिएको सगरहवा तिलौराकोटदेखि आठ किमी दूरीमा रहेको यो स्थानमा हाल केही भग्नावशेष र एक पोखरी छ । डा ए फुहररले सो स्थलमा सन् १८९७ मा उत्खनन गरी बुद्धकालीन पुरावशेष तथा स्तूप् निकालेका थिए । यहाँको पुरातात्त्विक सम्पदाको संरक्षणको लागि वनको क्षेत्रमा रहेको ५८ बिघा जग्गा विकास कोषको स्वामित्वमा ल्याउने काम भएको विभागका निमित्त वरिष्ठ पुरातत्त्व अधिकृत उप्रेती बताउनुहुन्छ । यस क्षेत्रमा सुरक्षा पर्खालसमेत लगाइएको छ ।

**निग्रोधाराम**

सिद्धार्थ बुद्धले ज्ञान प्राप्त गरी पहिलो पटक राजधानी आउँदा आफ्ना पिता शुद्धोधन र अर्की माता प्रजापति गौतमी, पत्नी यशोधरा तथा छोरा राहुललाई भेटघाट गरेको महत्त्वपूर्ण स्थल निग्रोधाराम हो । यो स्थल लुम्बिनीदेखि २८ किमि दक्षिणपश्चिम तथा तिलौराकोटदेखि ६ किमि दूरीमा पर्छ । यहाँ पुरातात्त्विक एवं धार्मिक महत्त्वका तीन स्तूप तथा एकएक पोखरी र इनार छन् ।

**देवदह**

बुद्ध जन्मस्थल लुम्बिनीदेखि ५७ किमी उत्तरपूर्वमा बुद्धको मावली देवदह छ । सो ठाउँ शाक्यमुनि बुद्धका आमा मायादेवी र प्रजापति तथा श्रीमती यशोधराको माइती गाउँको रूपमा परिचित छ । बुद्धको बाल्यकालसँग जोडिएको पुरातात्त्विक महत्त्वको क्षेत्रका रूपमा मानिएको सो स्थलको आवश्यक उत्खनन हुन नसक्दा ओझेलमा परेको छ ।

**रामग्राम**

गौतमबुद्धको अस्तु राखिएको महत्वपूर्ण क्षेत्र रामग्राम नवलपरासीमा पर्छ । सदरमुकाम परासीदेखि तीन किमी दक्षिणमा पर्ने सो क्षेत्र ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिकस्थल हो । करिब ८० फिट चौडाइ, ९० फिट लम्बाइ र ३० फिट उचाइ भएको रामग्राम स्तूपमा गौतम बुद्धको महापरिनिर्वाण (मृत्यु) पश्चात् अस्तु राखिएको छ । बौद्ध ग्रन्थानुसार बुद्ध महापरिनिर्वाण भएपछि अस्तु कसले लैजाने भन्ने विषयमा विवाद भएपछि वरपरका तत्कालीन आठ राज्य मगध, वैशाली, कपिलवस्तु, अल्लकप्प, वैप्दीप, पावा, कुशीनगर र रामग्रामलाई दिइएको थियो । पछि मगधका राजा अशोकले विशाल स्तूप निर्माण गर्ने भनी सबै राज्यको अस्तु सङ्कलन गरे पनि रामग्राममा भने हात्ती र नागले सुरक्षा गरेको मान्यता छ ।

विकास कोष र रामग्राम नगरपालिकाले भौगर्भिक सर्वेक्षण गरेर रामग्रामको विकासका लागि गुरूयोजना तयार गरे पनि विनाबृहत् पुरातात्त्विक अनुसन्धान गुरूयोजना बनाइएकाले कार्यान्वयन हुन नसकेको पुरातत्व अधिकृत उप्रेती बताउनुहुन्छ ।

उहाँका अनुसार स्तूप जसरी गोलो आकारमा गुरूयोजना तयार भएको र त्यसले ११७ बिघा क्षेत्रफल ओगटेको छ । सो ठाउँलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक प्रमाण जुटाउने काम भइरहेको विकास कोषको भनाइ छ ।

बुद्ध जन्मस्थल लुम्बिनीको चर्चा भए पनि उनी जीवनसँग जोडिएका यी महत्त्वपूर्ण क्षेत्रबारे धेरै बौद्धमार्गी र पर्यटक अनभिज्ञ छन् । पुरातात्त्विक हिसाबले महत्त्वपूर्ण भए पनि विकास कोषले यी क्षेत्रको विकासका लागि अझै योजना बनाउन सकेको छैन । अहिलेसम्म विकास कोष लुम्बिनीको विकास र प्रवर्द्धनमा केन्द्रित रहने पनि अबका दिनमा सबै बौद्ध क्षेत्रको विकासका लागि योजनाबद्ध ढङ्गले काम अघि बढाइने विकास कोषका सदस्य सचिव सानुराजा शाक्य बताउनुहुन्छ । लुम्बिनीसँग सम्बन्धित सात बौद्ध गन्तव्यलाई जोडेर काम अघि बढाइने उहाँको भनाइ छ ।

◆


## हार्दिक शुभकामना

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**न्यू सुर्वण आभुषनालय**

इनाचो, भक्तपुर

फोन नं. ९८४१३५०३१, ६६११२७२

*सुन तथा चाँदीका गर-गहनाहरुका लागि..*

## हार्दिक मङ्गलमय शुभकामना

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**सुगतराज शाक्य एण्ड सन्स**

इनाचो टोल, भक्तपुर-७

*सुनचाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरू बनाउनु परेमा साथै सबै प्रकारका राशी रत्न तथा पत्थरहरू चाहिएमा सम्पर्क राख्नुहोला ।*

प्रो. कृष्णगोपाल शिल्पकार
मो.नं. ९८४१४७२५५९



प्रो. शिवराम शिल्पकार
मो.नं. ९८४१६१०१६२





अडर अनुसार झ्याल, सँझ्याल, बुट्टादार ढोका तथा विभिन्न थरिका काठबाट बनेका सामानहरू आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

**DATTATRAYA WOOD CARVING CENTRE**

Tachapal-3, Bhaktapur, Ph: 6617048

# मानव समाजको विकास-१

*सं. चन्द्रबहादुर उलक*

**पृथ्वीको जन्म**

आज भन्दा २ अर्व वर्ष अगाडि आकाशमा एउटा ठूलो तारा सूर्यको नजिकबाट हुर्रिएर गएछ । त्यस्ले सूर्यलाई आफुतिर तान्न खोज्दा एउटा हिस्सा ऊतिर तानिएछ । तर त्यो तारा धेरै वेगले हिडिरहेको हुनाले त्यो सूर्य भन्दा धेरै धेरै टाढा पुगिसकेको थियो । तर सूर्यबाट उछिट्टिएको भाग चाहीं फेरि सूर्यमा मिल्न गएन । त्यो उछिट्टिएको भागलाई सूर्यले तानीराखेकोले टाढा पनि जान सकेन । त्यो बीचैमा अड्किएर बस्यो । त्यो भाग पनि टुक्रिए । त्यसमध्य एक टुक्रालाई पृथ्वी भनियो ।

आकाशमा हामी दुई किसिमका ताराहरू देख्छौं । एक किसिमको तारा चाहीं आफै टिमटिम् गरेर बलिरहेको देख्छौ । अर्को थरी चाहीं ट्वाल्ल टल्किरहेको देख्छौं । टिमटिम गरेर बलिरहेको तारालाई हेर्दा चम्किरहेको देखिन्छ । त्यसलाई हामी तारा भन्छौं किनभने त्यो सँधै सूर्य जस्तै बलिरहेको हुन्छ र त्यसले उज्यालो र तातो फालिरहेको हुन्छ । अर्को चाहीं आफू बलिरहेको नभई बलिरहेको ताराबाट उज्यालो लिई रहेको हुन्छ र त्यस किरणलाई फेरि फालि दिन्छ, ऐनाले सूर्यको किरण अर्कै तिर फाले जस्तो । यस्तो टल्किरहेको बस्तुलाई हामी ग्रह भन्छौ । ग्रह आफै चम्किन्दैन बरु अरुको उज्यालोबाट टल्केको हुन्छ । चन्द्रमा पनि यस्तै टल्किने बस्तु हो ।

आकाशमा ताराहरू धेरै–धेरै छन् । केही देख्छौं केही चाही देख्दैनौ । ग्रहहरूको नाम चाहीं हामी बरोबर लिने गरेका छौं , जस्तै शुक्रग्रह, शनिग्रह, बृहस्पतिग्रह, बुधग्रह, मंगलग्रह आदि । यिनीहरू आपस आपसमा एकले अर्कोलाई तानिएर बसेका हुन्छन् । यसकारण यसलाई सूर्यका ग्रहहरू भन्ने चलन छ । पृथ्वी पनि सूर्यको एउटा ग्रह हो । यो पनि आपसमा सबै ग्रहहरूसँग तानिएर फन्फन्ती घुमेर बसेको छ । यसरी घुम्दा घुम्दै पृथ्वीको एक चोक्टा उछिट्टिएर गयो । त्यो उछिट्टिएर गएको वस्तुलाई हामी चन्द्रमा भन्दछौं । चन्द्रमा पृथ्वीको चारैतिर घुम्छ । यसकारण यसलाई पृथ्वीको सानो ग्रह अथवा उपग्रहपनि भन्ने गर्छन् । यसप्रकार ग्रहले सूर्यलाई र उपग्रहले ग्रह(पृथ्वी) लाई घुमिरहेको छ भन्ने कुरा थाहा हुन्छ ।

२ अर्ब वर्ष अगाडि जब सूर्यबाट उछिट्टिएर पृथ्वी बीचैमा अड्यो त्यसबेला यो बलिरहेको आगोको गोलो थियो । विस्तार विस्तार यो सेलाउँदैगयो । सेलाउंदा सेलाउंदा यसको बाहिरी भागतिर सानो पत्र जम्न गयो । यो पत्र तातो दूधमा तर जमेको जस्तै हो । पहिले त यो बलिरहेको ग्यासको गोला थियो, अब बाहिरी पत्रमा तर जम्न थाल्यो । यसले गर्दा बाहिरी भागतिर अनेकों खुम्चाईहरू पर्न थाल्यो । यसैबेला ग्यासहरूमा धेरै प्रकारका

परिवर्तनहरू देखा पऱ्यो । ती ग्यासहरू आपसमा मिसिए । पानी परे । पानी पर्दा खुम्चेका होचा खाल्डाका डोबहरू नदीका धर्काहरू भए । अलि अग्ला दोवहरू जमिन र उंचा ठाँउहरू पहाड भए । खाल्डाहरू परेका ठाउँहरूमा पोखरी, ताल र समुद्र जम्यो ।

पृथ्वीको बाहिरी तह सेलाएर तर जमेपनि भित्र अझै बलिरहेको छ । यसको गर्भमा त यो साह्रै बलिरहेको छ । यो आगोको तातोले पग्लेको फलाम या सीसा जस्तै पग्लेकै छ ।

## सूर्य र पृथ्वीको आकार र दूरी

पृथ्वीको ब्यास पुगनपुग ८००० माइल र घेरा २५००० माइल छ । पृथ्वी भन्दा सूर्य १३ लाख दोब्बर ठूलो छ । मतलब पृथ्वीको भन्दा सूर्यको व्यास ८,६४००० माइल जति ठूलो छ । पृथ्वीबाट सूर्य पुगनपुग ९ करोड ३० लाख माइल (१४९ करोड कि.मी) टाढा छ । पृथ्वीबाट सवभन्दा नजिकको तारा २५ लाख करोड माइल टाढा छ, अर्थात २ पद्म ५० खर्ब माइल टाढा छ । उज्यालो एक सेकेन्डमा १ लाख ८६ हजार माइल दगुर्छ । सूर्यबाट पृथ्वीमा उज्यालो पुग्न ८ मिनेट लाग्छ । पृथ्वीबाट सबभन्दा नजिकको ताराबाट पृथ्वी सम्म उज्यालो पुग्न साढेचार वर्ष लाग्छ । अरु ताराहरू त अझ धेरै धेरै टाढा छन् । यसकारण उज्यालो एक वर्षमा जति माइल दगुर्छ, त्यति माइललाई एक प्रकाश वर्ष भन्ने चलन चलाए । टाढाको हिसाबले त केही ताराहरू ४ हजार प्रकाश-वर्ष भन्दा टाढा छ ।

एक सेकेन्डमा उज्यालो १ लाख ८६ हजार माइल हिड्छ भने एक वर्षमा उज्यालो ६० साठी खर्ब माइल हिंड्छ । सबभन्दा नजिकको तारा साढेचार प्रकाश वर्ष टाढा छ । मतलब त्यो तारा त्यति टाढा छकि त्यसको उज्यालो पृथ्वीमा पुग्न पनि साढेचार वर्ष लाग्छ ।

विभिन्न प्रकारका असंख्य ताराहरूको एक बादल जस्तो धमिलो ढिस्को आकाशमा देखिन्छ । त्यसलाई नेबुला(Nebula) या निहारिका भन्दछन् । यो यति ठूलो छ कि यसमा अरबौं सूर्य अटाउँछ । भनिन्छ यसैबाट ग्रहहरू बनेका हुन् । त्यहाँबाट पृथ्वीमा उज्यालो पुग्न लाखौं वर्ष लाग्छ । यो धेरै नै टाढा छ ।

विभिन्न ग्रह तारा र नेबुलाहरूको एक थुप्रो अँध्यारो रातमा उज्यालिएर देखिन्छ । यसलाई आकाश गंगा भन्दछन् । यसको एउटा सेतो लामो र चौडा धर्का गएको हुन्छ मानौ कुनै बाटो या नदी होस् । यसलाई बोली चाली भाषमा आकाश गंगा (Milky way) भन्दछन् ।

सबै तारा, ग्रहहरू(सूर्यको परिवार) नेबुलाहरू र आकाश गंगाहरू सबै मिलाएर त्यसलाई विश्व भन्ने चलन छ । संसारमा नयाँ नयाँ ताराहरू देखिन्दैछन् । विश्व झनझन फराकिलो हुँदै गएको छ । यसको कुनै सीमा छैन ।

## जीवको उत्पति र विकास

शुरुमा पृथ्वी साह्रै तातो भएको हुनाले यसमा कुनै प्रकारको जीव थिएन । पछि पानी पऱ्यो पृथ्वी झन्झन् सेलायो र त्यसमा जीवहरू प्रकट हुन थाल्यो । पहिलो जीवको प्रकट ५० करोड वर्ष अगाडि भयो । पानीमा पहिलो पल्ट देखापरेका ती जीवहरू आँखाले नदेखिने कीराहरू थिए । ती कीराहरू अति नै साना हुन्थे र तिनीहरूको हात खुट्टा केही पनि हुँदैनथ्यो । तिनीहरूमा हाड हुँदैनथ्यो । यस प्रकारको

जीवलाई अंग्रेजी भाषामा 'सेल' (Cell) भनिन्छ । संस्कृत भाषामा 'जीवाणु भनिन्छ । हामीले यसलाई आँखैले नदेखिने कीरा भनौं ।

समय जति जति बित्दै गयो, पृथ्वीको हावा पानी पनि बदलिँदै गयो । ती खाँखैले नदेखिने कीराहरूको रुप पनि विस्तार विस्तारै फेरिन्दै गयो । एक प्रकारको जीव अर्को प्रकारको जीवको रुपमा फेरिन एक दुई पुस्ता होइन कि सयौं पुस्ता लाग्दो होला । अथवा लाखौं वर्ष । यो धेरै विस्तारै हुने कुरो हो । जुन तह र खुड्किलाहरू भएर यिनीहरू फेरिन्छन्, त्यसलाई हामी क्रम वा खुड्किलो भनौं । त्यो खुड्किलाहरू पार गरेर रुप फेरिने कामलाई हामी विकास भन्छौं । जस्तो कि एउटा ठूलो भाँडोमा पानी राखौं र त्यसलाई केही दिन त्यसै छोडौं । पछि त्यसमा साना-साना कीराहरू चल्न थालेको हामी देख्छौं । अनि ती कीराहरू फिरफिर चल्ने लाम्चा कीराहरू जस्तो भएर आउँछ हुँदा-हुँदा पछि माछा जस्ता भएका देखिन्छन् ।.....

त्यस्तै हामीले भ्यागुताको कुरा लिऊँ । भ्यागुताले फुल पार्छ । त्यसबाट स-साना कीराहरू निस्कन थाल्छन् । पछि त्यो माछाको आकारको भएर आउँछ । हुँदा हुँदा पछि उसको पुच्छर घट्दै जान्छ, हात-खुट्टा प्रष्ट हुँदै जान्छ । अनि पानीबाट फुत्त जमिनमा उफ्रन थाल्छ । यसरी नै कुखुराको फुल ओथारो दिंदा , भित्र भित्र फुलमा चल्ला बन्दै जान्छ, अनि फुलबाट चल्ला बाहिर निस्कन्छ, चल्ला ठूलो हुँदै आउँछ, उड्न सक्ने हुँदै जान्छ र फेरि कुखुरी भएर फुल पार्छ । यसरी विस्तारै जीवहरूले जुन रुपहरू फेर्ने गर्छ त्यसलाई हामी विकासको क्रम अथवा रुपहरू फेरिने खुड्किलाहरू भनौं ।

त्यस्तै पृथ्वीमा पहिले पहिले भएका आँखाले नदेखिने कीराहरू विकास हुँदै गयो । पहिले अर्थात ५० करोडवर्ष अगाडि गड्यौला जस्ता कीराहरू सम्म भए । ४५ करोड वर्ष अगाडि चिप्ले कीरा जस्तो हाड नभएका कीराहरू सम्म भए । ४० करोड वर्ष अगाडि डँडालो नभएका माछाको रुप सम्म विकास भयो । ३५ करोड वर्ष अगाडि हावामा सांस फेर्ने र हाडहरू भएका माछा हुन थाल्यो । ३० करोड वर्ष अगाडि पानी र जमिन दुवै ठाउँमा बस्न सकिने जीव हुन थाल्यो । यस्तोमा सर्प, भ्यागुतो जस्ता घस्रेर हिड्ने जन्तुहरू आउँछन्, कछुवा, सालाक (काँयुडा) आदि आदि आउँछ ।

२० करोड वर्ष अगाडि अब जमिनमा बस्न सक्ने कीराहरू विस्तारै उड्ने कीराहरू आए । अर्कोतिर जमिनमै बस्ने दाँत भएका पशु भए । पशुहरू अब फुल नपारी बच्चा जन्माउन दूध खुवाउँने रुपमा विकास भयो ।

१० करोड वर्ष अगाडि पशुहरू मध्य एकथरी चराको रुपमा विकास भए, अरु चाहीं जंगली पशुहरूको रुपमा ।

५ करोड वर्ष अगाडि पशुहरू दुई भागमा बाँडिए । एकथरी रुख चढ्नेहरू अर्को थरी चारखुट्टा नै भए । जस्तो रुख चढ्नेहरूमा लोखर्के आदि हुन् ।

४ करोड वर्ष अगाडि रुख चढ्नेहरूमा पनि फाटो हुन थाल्यो । पशु र बाँदरमा छुट्टिने अवस्था यस्तै थियो । तीन देखि साढे तीन करोड वर्ष अगाडि बाँदर र मानिसको हाँगा फाट्यो ।

१५ लाख वर्ष अगाडिका मानिसहरूलाई मानिसका जीज्यू बाजे भन्छन् तिनीहरू अब रुखबाट झर्न थाले, र गुफामा बस्न थाले ।

## मानिसको जंगली युग

### जंगली युगको पहिलो खुड्किलो

पहिले पहिले मानिसहरू रुखमा बस्थे। पुगनपुग दश लाख वर्ष अगाडि मानिसहरू बिस्तारै रुखबाट तल झरेर जंगलमा बस्न थाले। तिनीहरू फलफूल टिपेर खान्थे, ढुंगाले पशुपछीं मारेर खान्थे र हात हतियार चाहीं ढुगां र काठको हुन्थ्यो। यसकारण त्यसलाई पुरानो ढुंगे युग भन्दछन्।

जंगली जनावरसंग सबै मिलेर लड्थे। ज्यावलहरू सान्है खस्रा हुन्थे। सबै मिलेर काम गर्थे। त्यसबेला मानिसले बोल्न पनि सिके। गुफामा बस्न जाने। शिकार अथवा फलफूल, कन्द-मूल बटुलेको सबै आपसमा बाँडेर खान्थे। धनी र गरीब थिएन। ठूलो र सानोको भेदभाव थिएन। यसकारण त्यस समाजलाई ***"पुराना साम्यवादी समाज"*** भन्ने चलन छ।

### जंगली युगको दोस्रो खुड्किलो

धेरै धेरै घाम लाग्दा चउरहरूमा आगो लाग्थ्यो। चट्याङ पर्दा र ज्वालामुखी फुटुदा पनि आगो लाग्थ्यो। मानिसले आगोको उपयोग गर्न जाने। मासु र कन्दमूल पोलेर खान जाने। जंगली पशुहरूसँग पनि बच्न आगो काम लाग्थ्यो। आगो भए पछि जाडो ठाउँमा पनि बस्न सक्ने भयो। माछा, कछुवा आदि पानीमा बस्ने जन्तुहरू पालेर खान जाने। ढुङ्गाको चुलो बनाउन जाने।

ढुङ्गाका ज्यावलहरू पहिलेको जस्तो खस्रो नभई अलि अलि सुधिन थाल्यो। चारै तिर धार भएको ढुङ्गा र ढुङ्गाकै बन्चरो बनाउन जाने। अब जनावरसंग लड्न थुप्रै मानिसहरूको आवश्यकता भएन। मानिस साह्रै बढ्न थाल्यो। शिकार सधै पाइन्दैनथ्यो। मानिसहरू भोक भोकै मर्थे। यसकारण एक ठूलो जमातको एक एक हाँगा छुटेर खानाको खोजमा हिंडे। त्यो दफा एउटा आमा पट्टिकै छोरा र हांगा बिंगा हुन्थ्यो। माछा मुख्य खाना भई सकेको हुनाले मानिस दह, नदी र समुद्रको किनारमा बस्न थाले। त्यहीबाट मानिसहरू यताउता खानाको खोजमा फैलिनथाले। ढुङ्गाका हात- हतियार तिखार्न जाने। ती हात- हतियार चिप्लो र धारीलो हुन्थ्यो। शिकार गर्न धेरै टाढा जानुपर्ने भयो। मानिसहरू अब झारपातको घर बनाएर बस्न सिके। तहरा घर सार्दै घुमन्तु जीवन बिताउँथे। स्वास्नी मानिस र केटा-केटीहरू घरमै बस्न थाले। फलफूल र कन्दमूल बटुल्थे। शिकारको लागि हात-हतियार बनाउनमा सघाउंथे। घरको काम सबै आइमाइले गर्थे। यस समाजमा केही पुस्ता मानिस मिलेरै बस्थे। यसमा एउटै गोत्रका मानिसहरू परिवारको रुपमा बस्थे।

### जंगली युगको तेस्रो खुड्किलो

मानिसले अब झार-पातको टोकरी बनाउन जाने। हात- हतियार अलि विकास भयो। ढुङ्गाको ज्यावल साँध लगाएको जस्तो चुच्चो चिप्लो बनाउन जाने। त्यस बेलाको सबै भन्दा ठूलो प्रगति धनुष वाण बनाउन जान्नु हो। मानिसले धनुष वाणको चुच्चोमा तिखो ढुङ्गाको टुक्रा बाँध्ने गर्थे। यसले वाणको निशाना लाग्थ्यो र चोट पनि चर्को पर्थ्यो। त्यसवेलाको मान्छेलाई नयाँ ढुङ्गे युगको मान्छे भन्छन्।

धनुष-बाणले मानिसको निशाना अचुक हुन्थ्यो , तर शिकार नजिकै र सजिलै सित पाउन छोड्यो। शिकारको मदतको निम्ति मानिसले कुकुर पाल्न शुरु गरे। शिकार, फलफूल, कन्दमूलको अभावको दिन पशुपालनले काम दिन थाल्यो। अर्कोतिर पशुपालनले

मानिसको घुमन्तु जीवनमा अलि स्थिरता ल्यायो। झार-पातको तहरा बनाएर बस्ने चलन बढ्दै गयो। पशुहरूलाई ख्वाउन घाँस-पातको काम पनि गर्न थाले। घरको हेरचाह, केटाकेटी हुर्काउने र पशुका निम्ति घासँपात ल्याउने काम स्वास्नी मानिसले गर्न थाले। यस प्रकार शिकार भन्दा पनि पशुपालनलाई घाँसपात ल्याउने कामले जीविका बढ्न थाल्यो। यसले आईमाईको कामको महत्व बढायो। स्वास्नी मानिसको महत्व बढ्न थाल्यो। शाखा-सन्तान(वंश) स्वास्नी मानिसको नाममा चल्थ्यो। समाज आमा जातिको तखतमा चल्ने भयो। यसकारण त्यस समाजलाई मातृसत्तात्मक समाज भन्ने चलन छ।

## मानिसको असभ्य युग

### असभ्य युगको पहिलो खुड्किलो

मनिसले टोकरी बनाउन जाने। टोकरीको वरिपरि माटोले पोट्न जाने। टोकरीमा पानी जस्तो झोल बस्तु हाल्न हुने भयो। टोकरीमा माटोले लिप्दा आगोले पनि नखाने भयो, पछि पछि टोकरी नभएको माटाका भाँडा-कुँडा बनाउन जाने। ती भाँडा कुँडा आगोले बलियो बनाउन जाने। पशुपालनमा विकास गरे। पशुहरूलाई ख्वाउन जङ्गली घाँसहरू छर्न जाने। मानिसहरू जङ्गलबाट घुम्दै घुम्दै चौरमा आए। त्यस वेला सम्म मानिस घुमन्ते जीवन बिताउँथे। वगालका बगाल मानिसहरू शिकार र घाँसे चौरको निम्ति खोजी खोजी हिड्थे। जङ्गलमा भन्दा चौरमा पशुहरूलाई ख्वाउन घाँस पाइन्थ्यो। त्यसैले मानिस फेरि जङ्गलमा फर्केर गएनन्। मानिसले ढुङ्गाका घरहरू बनाउन थाले। ईँटहरू बनाइ घाममा सुकाउन जाने। मानिसले अब गाँउ बसाउन थाले। शिकार नै त्यसबेलाको मुख्य जीविकाको साधन रहेन। पशुपालन र बिरुवा लगाउने काम स्वास्नी मानिसले गर्थे। यसकारण घर, पशु, र वारी स्वास्नी मानिसको रेख देखमा रहन गयो। त्यो समाज पनि मातृ सत्तात्मक समाजनै थियो। मातृ भनेको आमा जाति र सत्ता भनेको हर्ताकर्ता हो। त्यो असभ्य अवस्थाको पहिलो खुड्किलो थियो। यसरी नयाँ ढुङ्गे युगको अन्त हुन्छ।

### असभ्य युगको दोस्रो खुड्किलो

मानिसले पशुपालनमा दक्षता प्राप्त गरे। मकै जस्तो खान हुने अन्न उब्जाउन जाने। जग्गा जमीनमा सिंचाईको ब्यवस्था गर्न जाने। ढुङ्गा र ईटको गारो लगाउन जाने। फलामे धातुहरू उपयोग गर्न जाने। त्यसबेलासम्म ढुङ्गाकै हात हतियारहरू काममा लगाउथें र जङ्गलमा भन्दा चौरमा मानिसले धेरै प्रगति गरे। यसबाट पशुहरू खुब सप्रिय। मानिसले दूध, माछा, मासु खाद्यान्न जस्ता पौष्टिक( तागतिलो) चीजहरू खान थाले। तागतिलो चीजहरू खाए पछि मानिसको मगज विकास भयो। खाने पिउनेको दु:ख अलि कम भयो। त्यस बेलासम्म मानिसले मानिस मारेर खाने गर्थे। अब मानिस मारेर खान छोडे। तन्त्र-मन्त्र र धर्मको काममा मात्र मानिस मार्ने चलन बाँकि रहयो। मानिसले झारपातको लुगा लगाउन जाने। यो मानिसको असभ्य अवस्थाको दोस्रो खुड्किलो थियो।

विभिन्न जातिहरू विभिन्न अवस्थामा थिए। जङ्गली र घुमन्ते जातिहरूले गाउँले जातिहरू माथि हमला गर्थे। पशुहरू लुट्थे। गाँउले जातिहरूले पनि आफ्नो सुरक्षाको निम्ति अरु जाति माथि हमला गर्थे। जितेको जातिले हारेको जातिलाई कमारा बनाउन थाले। ती कमाराहरूलाई पशु

पाल्ने र खेतीको काममा लगाउन थाले। हात हतियारमा झन विकास भयो। यसले आईमाईको श्रमको महत्व घट्न थाल्यो। लोग्ने मानिसको महत्व बढ्न थाल्यो। पिता अथवा बाबू घरको हर्ताकर्ता भए। यस कारण यो अवस्था मातृ सत्ताबाट पितृसत्तामा फेरिने अवस्था थियो।

## असभ्य युगको अन्तिम खुड्किलो

मानिसले विस्तार-विस्तार फलाम पगाल्न जाने। खानी खन्न जाने। धातुहरूबाट बञ्चरो, कोदाली जस्ता ज्यावलहरू बनाउन जाने। हलो बनाउन जाने। पशुहरूलाई खेत र बारीमा जोत्न जाने। ढुङ्गाको विभिन्न चीजबीजहरू बनाउन जाने। आगो फुक्ने खलांती बनाउन जाने। जाँतो र कुम्हालेको भाँडा बनाउन चक्का बनाउन जाने। तोरी को तेल पेल्न र जाँड-रक्सी बनाउन जाने। काठ र धातुहरूका बस्तुहरूमा बुट्टा हाल्न जाने। पशुहरूलाई काममा लगाउन जाने। पछि गाडा र बग्गी बनाए। पानीमा चल्ने ढुंगा बनाउन जाने। घुमन्तु जाति र बाहिरीया शत्रुहरूसँग बचाउ गर्न किल्ला र पर्खाल बनाए शहर बनाउन जाने। चित्र लेख्न जाने। लिपिको विकास भयो। हात हतियारमा तरबार सम्म बनाउन जाने। बाहिरी आक्रमणबाट जोगिन लड्ने दलहरू बनाए। यसरी राज्य सत्ताको बिकास भयो। जनसंख्या बढ्दै गयो। त्यस बेला ठूलठूला लडाईहरू हुन्थ्यो। एकले अर्को जाति र राज्यलाई जितेर राज्यलाई विकास गरे। हारेको जातिलाई ल्याएर दास बनाईन्थ्यो। दासहरूलाई अलग-अलग काम दिन्थ्ये। यसलाई "कामको भाग बन्दा" अथवा "श्रम विभाजन" भन्दछन्। यसरी मानिसको असभ्य अवस्थाको अन्त र सभ्यताको विकास शुरु भयो।

## दास युग

पशु-पालन र खेतीको बिकासले श्रमको महत्व बढ्न थाल्यो। खेतीले एक व्यक्तिलाई चाहिने भन्दा बढी उत्पादन गर्न सक्यो। त्यसकारण हार्ने जातिको गाउँ कब्जा गर्ने र हार्ने जातिलाई नमारी दास बनाउने गरे।

मालिकले दासहरू मध्य कसैलाई पशुहरूको हेरचाह गर्न लगाए। कसैलाई ढुगांको काम गर्ने, कसैलाई कामीको काममा लगाए। कसैलाई खानी खन्नमा लगाए। यसरी विभिन्न दासहरूलाई विभिन्न काममा लगाए। श्रम शक्ति एउटै व्यक्तिको मातहतमा संचालन हुन थाल्यो। यसरी केन्द्रित श्रमको उपयोग र श्रम विभाजनले उत्पादनमा छिट्छिटो बृद्धि हुन थाल्यो। दासहरूका बलले जातीय मुख्या वा एक बलियो मान्छे राजाको रुपमा विकास भयो।

दासहरूको बेच-बिखन हुन्थ्यो। तिनीहरूलाई बस्तुसंग सात-फेर गर्ने माध्यमं अथवा साधन बनाएको थियो। कुनै बस्तुको लागि दासलाई धितो पनि राख्थे। दासहरूलाई मालिकले कुट्न र मार्न पनि सक्थे। मालिकहरूको अन्याय अत्याचार सहन नसकि दासहरूले विद्रोह गर्थे। मालिकहरूले जबरजस्ती विद्रोहलाई दबाउन्थे। तैपनि विद्रोह बरोबर भइनै रहन्थे। त्यसले गर्दा मालिकहरूले ठूल-ठूलो नोक्सानी व्यहोर्नु पर्थ्यो।

एकातिर दासहरूको विद्रोह हुन्थ्यो भने अर्कोतिर मालिकहरूको बीचमा पनि बेमेल हुन्थ्यो। व्यापारमा लागेका मालिकहरूले दासहरूलाई यथावतै राखेमा फाइदा देख्थे। तर अरु मालिकलाई दासबाट फाइदा थिएन र दासहरूलाई मुक्त गरेर खेतीको

विकास गर्न खोज्थे । दुबै किसिमका मालिकहरूको बीचमा ठूल-ठूलो भिडन्त हुन्थ्यो । अन्तमा दासहरू मुक्त भए । तर भू-दास प्रथा आयो ।

## भू-दास प्रथा

दास मालिकहरूले दासहरूलाई विस्तारै मुक्त गर्दै गए । दासहरूलाई खेतमा काम गर्न दिन्थे । मालिकको काम सिधेपछि काम गरेर खान उसलाई पनि एक टुक्रो जग्गा दिने गर्थे । त्यही जग्गामा उसले आफ्नो गुजारा गर्नु पर्दथ्यो । त्यही छाप्रो बनाएर बस्थे । त्यसबेला पनि ज्याला नदिई मालिकले आफ्नो काम गर्न लगाउन्थे । यसलाई बेठ वेगारी वा झारा भनिन्छ । साथै छ्वाली, पराल, कमेरो जस्ता अरु मालहरू पनि तिर्नु पर्दथ्यो । यसरी दासहरू भू- दासमा फेरिए । शुरुमा मोहीयानी हक थिएन । खेतबाट निकाली दिन्थे र त्यो खेत अर्कोलाई जोत्न दिन्थे । त्यसकारण भूमिपतिहरूको विरोधमा भू-दासहरूले विद्रोह गर्थे । फलस्वरुप तिनीहरूले मोहीयानी हक पाए । भू- दास किसानमा बदलिए ।

## सामन्तीवादी युग

दास मालिकहरूका हाँगा नयां जमिंदार वर्गको रुपमा विकास हुन थाल्यो । तिनीहरूले दासहरूलाई मुक्त गरेर खेत जोत्ने काममा लगाउन थाले । जग्गाको कूत या वहाल लिन व्यवस्था शुरु भयो । देशको आम्दानीको मुख्य श्रोत नै खेती हुन गयो । शासन सत्तामा उठ्दो जमिंदार वर्गको प्रभाव बढ्न थाल्यो । राजा, महाराजा ठुला ठालू र सामन्तले अब खेतीको आम्दानीमा भर पर्न थाले । यस्तो जमिंदारको व्यवस्थालाई सामन्तवादी व्यवस्था भन्ने चलन छ ।

सामन्तवादी व्यवस्था अर्थिक रुपले खेती र वन जंगलमा निर्भर हुन्छ । लुगा बुन्ने तान र भांडा-कुंडा बनाउने घरेलु उद्योगको विकास हुन थाल्छ । मुद्रा (पैसा) को चल्ती फिर्ति सीमित हुन्छ । बाटो घाटोको बन्दोबस्त धेरै हुन्न । स-साना व्यापारी र साहु महाजन हुन्छन् । त्यसबेला खेती पाती, वन जंगल, खानी, आदि प्राकृतिक श्रोतनै आम्दानीको मुख्य साधन हुन् । देशको धेरै जसो जग्गा जमिन राजा-महाराजा र ठूला वडाको नियन्त्रणमा हुन्छ । जग्गा माथि जनताको केही हक हुँदैन ।

भू-दास र किसाननै त्यस समाजको मुख्य उत्पादक शक्ति हुन्छ । तिनीहरूको रगत र पसिना मै त्यो समाज अडेको हुन्छ । सामन्त, जमिंदार वर्ग र किसान वर्गको बीचमा सदा संघर्ष भई रहन्छ । किसान जनताले आ-आफ्नो जमिंन्दारको विरोधमा विद्रोह गर्छन् । त्यस विद्रोहलाई राजसत्ता (राजाका पुलिस र पल्टन) द्वारा दवाउँछ । अनि किसान जनताले थाहा पाउँछ कि जमिंन्दार र सामन्त वर्गको नेता नै राजा हो । यसकारण भू-दास र किसानहरू राजा कै विरोध गर्न थाल्छन् ।


किसानहरूले जहां-तही जग्गा धनी र राजाको विरोध गर्न शुरु गर्छन् । विद्रोह दवाउन सामन्तका मतियारहरू गुरु, पुरोहित, बाहुन र पंडितहरूले भू-दास र किसानहरूलाई जाल-झेल गर्छन् । तिनीहरूले जनतालाई भन्छन् -"राजालाई इश्वरले राज्य गर्न पठाएको हो" । त्यसैले राजाको बिरोध गर्नु इश्वरको बिरोध गर्नु हो । राजाको विरोध गर्‍यो भने पाप लाग्छ । जनताको विद्रोही भावनालाई विगार्न अनेक जालझेल गर्छन् । यसरी इश्वरको नामबाट जनतालाई शोषण गर्छन् । यसरी सामन्तबादी व्यवस्था अध्यात्मवाद दर्शनमा अडेको हुन्छ । मठ-मन्दिर पनि जनतालाई शोषण गर्ने अखडा हुन् ।

यस व्यवस्थामा जात-पातको ठूलो भेद हुन्छ । आइमाइले स्वतन्त्रता पाएको हुँदैन । सम्पतिमा जेठाको हक हुन्छ । सैनिक व्यवस्थामा पनि खान्दानी र ठूला वडा र विशेष जातले मात्र सहुलियत पाउँछ । ठूला वडाको छोरा-छोरीले मात्र शिक्षा पाउँछन् । जनतामा शिक्षाको प्रचार हुन्न । जात र खान्दान अनुसार सजाय हुन्छ । कला र संस्कृतिमा पनि राजा महाराजाहरूको चित्र र तस्विरहरूको मात्र प्रचार हुन्छ । साहित्य, कला, नाच-गान र भजन पनि राजाहरूकै गुण-गानले भरेको हुन्छ ।

***साभार- मानव समाजको विकास पुस्तकबाट***

◆

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



श्री रत्न ज्यासः पसः

तौलाछें, भक्तपुर, मो. ९८४१४७७१२२

यहाँ अर्डर बमोजिमका सुनचाँदीका गरगहनाहरू बनाउनुका साथै विभिन्न राशीका पत्थरहरू पनि पाइन्छ ।

हार्दिक मङ्गलमय शुभकामना



नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

महामञ्जुश्री ज्वेलरी एण्ड ईन्टरप्राइज प्रा. लि.

नासचा, इनाचो-७, भक्तपुर, फोन नं. ६६१३९८१, ९८४१५९०३४४

# झीम्ह गौतमबुद्ध

✍ चन्द्रबहादुर उलक

धौंया जिगु मिखाय्
छम्ह पेशेबर कार्यकर्ता
छगू ग्यसुलागु पार्टीया,
ग्यसुलाम्ह वरिष्ठ नेता खः
झीम्ह गौतमबुद्ध ।
उखें थुखें इमा मण्ड काइथें
मण्डकया च्वंगु हिं प्याःगु ल्वाभः
स्वाँयानाः हाय्केगु बिचा ज्वंम्ह
छम्ह सिद्धान्तकार, छम्ह दार्शनिक
विश्व शान्तिया न्हयलुवा खः
झीम्ह गौतम बुद्ध ।
खँ, डाखुँ, फयुगं तयूसं बिगि बिगि जुयाच्वंग समाजय्
जातीय विभेदं ग्रस्तजुया मनुं मनूयात स्वइगु पःह
पानाच्वंगु समाजय् हयूपाः हयेत स्वःम्ह
छम्ह महान क्रान्तिकारी खः
झीम्ह गौतम बुद्ध ।
खः व अहिंसावादी !
सुइगुं नुगः स्याकेमज्यू धाःम्ह
थःत स्यायेत वम्ह सित स्यानाः छोय्गु
हिंसा मखु धाःम्ह
हिंसाया सत्यवादी खः
झीम्ह गौतम बुद्ध ।
युद्ध वा शान्तिया ल्यज्याय्
शान्ति ल्यम्ह,
यशोधरायाा प्रेमया लाखिं
ची मफूम्ह,
राहुलयात बात्सल्य माया मब्यूम्ह
शासक जुइगु लोभ मयाम्ह
महात्यागी खः
झीम्ह गौतमबुद्ध ।
न्हयाबलें न्हयाबलें कामान्धजुया
कामवतीया मतिनाय् तक्यना च्वंपिं
मिखा दयानं मखंपिं
तृष्णां बिलिबिलि जापिनिगु नुगः
हिलेगु निंतिं
थःनि न्हापां शुद्धजुया क्यंम्ह
अर्हत खः
झीम्ह गौतमबुद्ध ।
संघ मदय्कं हयूपाः वैमखु !
विचा मदय्कं संघ न्हयाइमखु !
नियम पालन मयाकं
विचा पायुछि मजुइगु स्यूम्ह
संघ महानायक खः
झीम्ह गौतमबुद्ध

(बौद्ध संघ भक्तपुरया ग्वसालय् जूगु 'कविया नुगलय् बुद्ध' नांगु कवि गोष्ठि पाठजुगु)

# बौद्ध कविता गोष्ठी

२५६६ औं बुद्ध जयन्तिया लसताय बौद्ध संघ भक्तपुरया ग्वसालय जेष्ठ १४ गते शनिवा खुन्हु 'कविया नुग:लय् बुद्ध' विषयस बौद्ध कविता गोष्ठी जुल। बौद्ध संघ भक्तपुरया नाय त्रिरत्न शाक्यया सभापतित्व जूगु थुगु ज्याभ्‌वलय् मुनि विहारया प्रमुख भिक्षु विपस्सी धम्माराम महास्थविर पाखें शील प्रदान यानाबिज्यागु ख:, 'न्हू कविताया न्ह्यलुवा कवि' डा. योगेन्द्र प्रधानया मू पाहाँसुई जूगु ज्याभ्‌वलय् संयोजक लक्ष्मीचन्द्र बज्राचार्यजुं लसकुस यानादिल। ज्याझ्वलय् येंया नरेनमान, राजभाई ज:कमि, सुलोचना मानन्धर, जीवन कंसाकार, यलया धर्मराज कर्णिकार, डा.पुष्पराज कर्णिकार, शाक्य सुरेन व ख्वपया बाबुकाजि सुवाल, चन्द्रबहादुर उलक, महेन्द्रगोपाल कर्माचार्य, नविनप्रकास श्रेष्ठ, नारायणदेवी प्रजापति, न्हुछेरत्न बुद्धाचार्य, कृष्णभक्त बोडे, प्रतिसरा सायमी, तेजकृष्ण श्रेष्ठ, डा. योगेन्द प्रधान व त्रिरत्न शाक्यपिसं थ:थ:गु कविता न्यंकादिल। ज्याभ्‌वलय् मू पाहाँ डा. योगेन्द्र प्रधान जुं थ:गु नुगखं प्वंकुसे बुद्धशिक्षा धर्म मखु दर्शन ख: छाय्धा:सा बुद्धं वियाबिज्यागु चतुरार्य शिक्षाया दर्शन मानव जीवन सफलताया नितिं मदेक मगा:गु शिक्षा ख: धैदिल। अथे हे सभाया नायो त्रिरत्न शाक्य जुं दुनुग:या भाव प्वंका कविता च्वइपिं कविपिसं ब्वनादिगु कविता बुद्ध व बुद्ध शिक्षायात गुकथं स्वय्मा : धैगु खँ स्पष्ट याय्त थ्व ज्याभ्‌व जूगु विचा: प्वकुसे सकसित सुभाय बियादिल।

कविता ब्वनादिपिं कविपिन्त मैत्री चिं 'बुद्ध' ल:ल्हागु थुगु ज्याभ्‌वलय् ख्वपया म्हयाय्मचा प्रतिसरा सायमीयात ख्वपया प्रतिस्थित कविया रुपय् सम्मान ब्यूगु ख:। बौद्ध संघया दबुलिइ जूगु ज्याझ्वलय् कवि सौरभ शाक्यया कविता वय्कया भिंचा विद्या शाक्यं ब्वनादिगु ख:सा ज्याझ्व न्ह्याकमि धर्मचन्द्र नं कविता ब्वनादिगु ख:।

# न्हू च्वमी 'भतिचा ला ख:नि..........'

✍ लक्ष्मीचन्द्र बज्राचार्य

काय् व बौ बैगलय् च्वना कच्कच् हालाच्वन।
बौ- 'जिं बहनी भतिचा त्वनां छु पात ? छन्त कपा स्याय्मा:गु छाय् ?'
काय्-'स्व बा ! जि नं त्वने मय:। तोनिपिं नं मय:।'
बौ-'मय:सा हुँ ले ! छं गन य: अन।'

उलि धाय्‌वं उज्वल च्वताय् वल। लाकांलिकां न्ह्याना प्याहाँ वनेत्यन। जिं वयात पना। कृष्ण ककायात नं स:ता। निम्हं चुलाँचु तया। निम्हं बास्तबे ब्यावहारिक ख:। अय्‌जूगुलिं हे न्हापा च्वनेत हे छेँ मदुपिं आ: निखा छेँ दत। तर गथे गथे ककाया भति भति त्वनेगु बानि जुल। थ्व खँय् ततमम जूसा हानं न्हापा थे हे ज्वी। उकिं जिं धया ' बाज्यां अय्‌ला जक त्वना छेँ बुँ स्वाहा जूगु मखुला ? अय्‌ला धैगु भचा जूसां व मन्द विष ख: , थुकिं मनुत सत्यखे च्वने फैमखु। थुकियाना करपिन्त दु:ख बीगुली, करकिया म्ह्याय्‌मस्तेत हाय्‌केगुली, मखुगु खँ ल्हाना च्वनेगुली , करपिनिगु खल्ति ताके यायेगुली न्हयाइपु तायावइ। अले भति भति दूगु नं नाश जुया फुइ।' 'अथे ख:ला ?' ककायाके न्यना। ककां छूयों ल्हुकुल्हुकु संकल।

उज्वलया मने बौनं त्वनेगु बाहेक छुं नं ज्या मया:। जिं जक गुलि यायेगु ? वं बारम्बार ध्वहे धयानं जि सुम्क च्वने मफुत। निम्ह सितं सम्भे याय्‌थे धया- छेँ बांलाकेत निम्हं भिनेमा। भतिभति त्वनेगु ठीक जू। तर मात्रा बढे जुजुं वनेयो। उकियात पने फैमखु ककां।'

धाय्‌म्वाक थथे हे जुल छूयों ल्हुकुल्हुकु संकगु बहनी जुलकिं लोमनिगु अकिं ककाया। अथे जुजुं न्हिने नं लोमनिगु जुल। जुजुंजुजुं सुथय् हे लोमनिगु जुल। सत्यखे च्वनेमफुत। बौया पीरं उज्वलया ज्या नं स्यन। निखां छेँ बैंकं नयाबिल। भतिचा अय्‌लां यक्व हे स्यन।

# हार्दिक समवेदना।



**शोभा प्रधान**

**जन्म : २०१७ पुस १४**  **निधन २०७९ असार ०८**

यस बौद्ध दर्शन अध्ययन समाजका संस्थापक सदस्य **शोभा प्रधान**को असामयिक निधनबाट यस समाजलाई अपूरणीय क्षति पुगेकोमा दुःख व्यक्त गर्दै दिवङ्गतप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै उहाँका सम्पूर्ण शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछौं।

## बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०


# हार्दिक मङ्गलमय शुभकामना

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**वागीश्वरी मा. वि.**
च्याम्हासिंह, भक्तपुर

**वागीश्वरी कलेज**
तुमचो, कमलविनायक, भक्तपुर

# हार्दिक मङ्गलमय शुभकामना

नेपालका सुपुत्र सिद्धार्थ गौतम बुद्धले बोधिज्ञान लाभ गरेर सबभन्दा पहिले पञ्चभद्रीय भिक्षुहरुलाई उपदेश प्रदान गरेको पुण्य दिन २६११ औं धर्मचक्र प्रवर्तन दिवस र गुरुपूर्णिमाको उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
नातिभाइ ह्योम्बा

**भक्तपुर इँटा उद्योग व्यवसायी संघ**
लिवाली-८ भक्तपुर